रातो खबर अब www.eratokhabar.com मा पनि पढ्न सकिन्छ ।

# रातो खबर
Ratokhabar weekly
साप्ताहिक



सहिद गोविन्द गौतम विशेष

पृष्ठ २

वर्ष २, अङ्क ४३, पूर्णाङ्क ९१ | २०७४ वैशाख १३ गते बुधबार | Wednesday, 26 April 2017 | www.eratokhabar.com | मूल्य रु. १०

# शान्तिपूर्ण सभामा प्रहरी हस्तक्षेप, देशव्यापी गिरफ्तारी तीव्र

## प्रतिरोधसँगै चुनाव खारेजी अभियान जारी राखिनेछ : विप्लव

■ रातो खबर संवाददाता/काठमाडौँ






संसदीय पार्टीहरूले चुनावी वातावरण निर्माण गर्न नसकिरहेकै बेला नेकपाले देशभरि चुनाव खारेज अभियानलाई तिव्रता दिएको छ । त्यसक्रममा उसले देशभरि 'जनजागरण तथा भण्डाफोर सभा' आयोजना गर्दै आएको छ। त्यसक्रममा ७ गते चितवनमा भएको शान्तिपूर्ण सभामा प्रहरीले हस्तक्षेप गरेर विथोलेको छ। अपरान्ह १ बजे थारु जातिको फगुवा झाँकीसहित नारायणगढको व्यस्त तरकारी बजारबाट शुरु भएको जुलुस २ बजे चौबिसकोठी पुगेर सभामा परिणत भएको थियो । सभा शुरु हुनासाथ औपचारिक प्रक्रियापछि नेकपाका स्थायी समिति सदस्य तथा कार्यक्रमका प्रमखु अतिति धर्मेन्द्र बास्तोलाले मन्तव्य राख्न शुरु गर्नासाथ प्रहरीले चारैतिरबाट आक्रमण शुरु गरेको थियो । कार्यक्रम शुरु हुनु पूर्वनै चौबिसकोठी क्षेत्रमा यातायात बन्द गरेको, रामपुर, गीतानगर क्षेत्रतिर चल्ने सडकमा यातायात सेवा बन्द गरेर सडक खाली गरेको र सभा स्थललाई चारैतिरबाट सशस्त्र प्रहरीले घेरेर राखेका कारण स्थानीयले प्रहरी हस्तक्षेप र ज्यादतीको पूर्व अनुमान गरेका थिए। अचानक प्रहरी मञ्चमा प्रवेश गरेर मन्तव्य दिइरहेका बास्तोला, मञ्तान आसिन असारे काका, चित्रबहादुर आले, अनिल शर्मा विरही लगायतका अतिथिहरूलाई लतार्दै तल झार्न थाल्यो । सशस्त्र प्रहरीले सहभागीहरूलाई लाठी वर्षायो र मञ्च भत्काउन शुरु गऱ्यो । प्रहरी ज्यादतीको विरुद्ध घटनास्थलमा नाराबाजी र प्रतिरोध शुरु भयो। आक्रोशित कार्यकर्ताले प्रहरीमाथि ढुङ्गामुढा गर्न थाले। शान्तिपूर्ण सभामा प्रहरी हस्तक्षेप भएपछि एकजना प्रत्यक्षदर्शीले 'संकटकाल आउन थालेजस्तो भयो। सरकारले देशलाई कता लग्न खोज्दैछ ?' प्रश्न गरेका थिए। राप्रपा चितवनका नेता बद्री तिमल्सिनाले 'शान्तिपूर्ण सभामा प्रहरी ज्यादती स्वीकार्न नसकिने र चुनावको विरोध गर्न पनि पाउनु पर्ने' बताए। घटना लगत्तै हेटौंडाबाटै नेकपा (क्रान्तिकारी माओवादी) की नेत्रृ अम्बिका मुडभरीले प्रचण्डको 'मर्ने बेलामा प्वाँख उम्रेको' प्रतिक्रिया दिइन् । प्रहरीले समाचार संकलन गरिरहेका प्रकाश सिग्देललगायतका सञ्चारकर्मीमाथि पनि आक्रमण गऱ्यो । घटनापछि दिनभरि चौबिसकोठी आसपासको क्षेत्र रणमैदान जस्तै भएको थियो । त्यसक्रममा त्रिचोक, लायन्सचोक, हाकिमचोकलगायतका स्थानमा आक्रोशित कार्यकर्ताले आगजनी गर्दै प्रहरीमाथि ढुङ्गामुढा गरेका थिए। प्रहरी आक्रमणमा अमृतनगरका कृष्ण प्रसाद पौडेल (वर्ष ७०) गम्भिर घाइते भइ मेडिकल कलेज (नयाँ) मा उपचारार्थ भर्ना गरिएको थियो । नेपाल राष्ट्रिय बुद्धिजीवी संगठनका केन्द्रीय अध्यक्ष टिका कँडेलमाथि प्रहरीले पटकपटक आक्रमण गऱ्यो। त्यसैगरी प्रहरीले नेकपाका केन्द्रिय सदस्य सन्देश पौडेलमाथि लाठी बर्सायो । त्यसैगरी नेकपा चितवनमा कार्यकर्ताहरू अम्बिका पाठक, राजकुमार तिमिल्सिना, पुर्ण राई, मोहन काफ्ले, युवा विषम, शिवचन्द्र अधिकारी, बुद्धि चौधरी (माडी), विरोधन खतिवडालगायत सयौं कार्यकर्ता र बटुवामाथि आक्रमण गरेको थियो । प्रहरीले २४ जनालाई गिरफ्तार गरेको नेकपा, चितवनका इन्चार्ज लालबहादुर बिसीले बताएका छन् । चितवन प्रहरीले सप्तगण्डकी क्याम्पसका विद्यार्थी सुदिप पौडेललाई ८ गते बिहान गिरफ्तार गरी प्रहरी बिटमा आक्रमण गरेको भन्दै थुनामा राखेको अखिल (क्रान्तिकारी)का केन्द्रिय उपाध्यक्ष लालबहादुर तामाङले

... बाँकी पृष्ठ ८ मा

# माओवादीद्वारा साहसिक हमला

- अमेरिकी सदनमा उत्तर कोरिया
- अफगानिस्तानमा अमेरिकी सुरक्षा रणनीति असफल



तस्बिर : जनमेल डटकम

■ एजेन्सी/झारखण्ड

भारत, छत्तिसगढ प्रान्त, सुकमा जिल्लास्थित चिन्ता गुफा आसपासमा 'अपरेशन रेडहन्ट' अन्तर्गत परिचालित अर्ध सैन्य बल 'केन्द्रीय रिजर्भ प्रहरी बल' माथि सोमबार भाकपा (माओवादी) को जनमुक्ति सेनाले गरेको प्रत्याक्रमणमा २६ जनाको मृत्यु र दर्जनभन्दा बढी गम्भीर घाइते भएका छन् । धराप विष्फोटनपछि धुलो, धुवाँ र सरकारी सुरक्षाकर्मीको कोलाहलका बीच माओवादी जनसेनाले थप कारबाही चलाएको थियो । चार घन्टाभन्दा बढीको भिडन्तपछि प्रहरीले हतियार फालेर भागेका थिए । विद्रोहीले भारी मात्रामा सरकारी फौजको हतियार कब्जा गरेको छ। घटना स्थलमा कोब्रा टोली पठाएको दाबी सरकारले गरेपनि हराइरहेका ७ जना प्रहरी अझैसम्म सम्पर्कमा आएका छैनन् । माओवादी दमन गर्ने एउटा प्रमुख कार्यभार घोषणा गर्दै आएको भाजपा सरकारलाई यो घटनाले ठूलो आघात पुऱ्याएको भारतीय सञ्चारले जनाएका हुन्। सन् २०१० मा ७६ सुरक्षाकर्मीको ज्यान जानेगरी भएको घटनापछि यो अर्को विद्रोहीको कारबाही हो। उता आफ्गानिस्तान, बाल्ख प्रान्तस्थित मजार-ए-सरिफ नामक सैन्य आधार शिविरमा तालिवानी विद्रोहीले आक्रमण गरी १ सय ५० भन्दा बढी सरकारी फौजको हत्या गरेको तीन दिनपछि रक्षा मन्त्री र सेना प्रमुखले राजिनामा दिएका छन्। घटनामा मारिएका सेनाका परिवारले अधिकारीहरूको राजिनामा माग गर्दै चर्को असन्तुष्टि पोखेका थिए। रक्षामन्त्री अब्दुल्लाह हबिबी र सेना प्रमुख कदाम साह साहिमले राजिनामा दिएसँगै सो आक्रमण पाकिस्तानी तालिवानले गरेको आरोप अमेरिकाले लगाएको छ। सो आरोपसँगै पाकिस्तानमाथि अमेरिकी दबाब थप बढ्ने अनुमान गर्ने थालिएको छ । अमेरिकी सैन्य रणनीतिमा प्रश्न उठिरहेको बेला अमेरिकाले सो आरोप लगाएको हो। त्यसैगरी सोमबार नै अमेरिकी र चिनियाँ राष्ट्रपतिका बीचमा कोरियाली प्रायद्वीपको विषयमा वार्ता भएपछि डोनाल्ड ट्रम्पले सदनमा छलफल गर्ने

... बाँकी पृष्ठ २ मा

# चुनाव उपयोग र खारेजीको प्रश्न

देश/परिवेश

■ विप्लव



**भूमिका**

२०७४ वैशाख ३१ गते (कुनै हेरफेर नभएमा) संसदीय व्यवस्थालाई पुनस्थापना गर्ने स्थानीय चुनाव हुँदैछ। हाम्रो पार्टीले यो चुनावलाई खारेज गर्ने र जनताको समानान्तर सत्ता सञ्चालन गर्ने निर्णय लिएको छ। संसदवादीहरूको स्थानीय चुनावमा भाग लिनुभन्दा खारेज गर्नु किन वस्तुवादी र ठिक छ भन्ने सवालमा यो आलेख केन्द्रित गरिएको छ।

**चुनावमा भाग लिने पार्टीहरूका धारणा र हाम्रो दृष्टिकोण**

यतिबेला संसदीय व्यवस्थाले गर्न थालेको स्थानीय चुनावमा सहभागी बन्न थालेका पार्टीहरूका दुईखाले धारणा छन् । पुँजीवादी संसदवादी दलहरूको धारणा र केही कम्युनिस्टहरूको धारणा । पुँजीवादी संसदवादी दलहरूले यो चुनाव प्रजातन्त्र, संसदीय व्यवस्थाको मूल आधार भएकोले यसलाई पर्वको रुपमा लिएर सम्पन्न गर्नुपर्छ, २० वर्ष पछि "प्रजातन्त्र" पुनस्थापना हुन थालेकोमा जनताले पर्वकै रुपमा भाग लिनुपर्छ, अब पनि चुनाव भएन भने सत्तामा जनताको प्रतिनिधि हुने छैन, गाउँको विकास र उन्नतिमा बाधा पर्नेछ, कर्मचारीबाट भ्रष्टाचार हुनेछ, शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन सकिने छैन जस्ता कुतर्कहरू राख्दै आएका छन् । केही कम्युनिस्ट पार्टीहरूले यो चुनाव संसदीय व्यवस्था कै चुनाव हो, संसदीय चुनावलाई कम्युनिस्टहरूले परिस्थिति हेरी उपयोग र बहिष्कार जे पनि गर्न सक्ने भएकोले अहिले उपयोग गर्नु ठिक हुन्छ उपयोग गरौं भनेका छन्। उनीहरूको धारणामा अहिले क्रान्ति गर्नका लागि क्रान्तिकारीहरूको शक्ति कमजोर छ, देशमा गणतन्त्र आएपछि पहिलो पटक चुनाव हुँदैछ, यसलाई जनताले खराब भनेर बुझिसकेका छैनन्, चुनावलाई जनताको पक्षमा उपयोग गरेर जनताको पक्षमा केही काम गर्न सक्ने स्थिति छ, चुनाव उपयोग गरेर संसदीय व्यवस्थाको भण्डाफोर गर्न सकिने स्थिति छ त्यसैले चुनाव उपयोग गर्नु सही हुन्छ।

चुनावबारे हाम्रो पार्टीको दृष्टिकोण यी दुवै धारणा भन्दा फरक छ। हाम्रो दृष्टिकोणमा यो चुनाव प्रतिक्रियावादी संसदीय व्यवस्थालाई २० वर्षपछि षडयन्त्रपूर्ण तरिकाले पुनस्थापित गर्न ल्याइएको साधन हो। जनता, जनयुद्ध, जनसत्ता, जनमुक्ति सेना, क्रान्तिका लागि यो चुनाव प्रतिगमन, प्रतिक्रान्ति हो । तसर्थ यसलाई खारेज गर्नुपर्छ। यसलाई मुखले मात्र खारेज गर्ने नभएर जनताको सत्तालाई पुनरसंगठित गर्दै र संचालन गर्दै समानान्तर सत्ताको अभ्याससहित क्रान्तिलाई अगाडि बढाएर खारेज गर्नु पर्छ।

**पुँजीवादी संसदवादी धारणाको खण्डन**

हालको चुनावलाई पुँजीवादी संसदवादी दलहरूले पर्व भन्नु र पर्वको रुपमा भाग लिउँ भन्नु उनीहरूको लागि सही होला । किन कि पुँजीवादीहरूको लागि संसदीय व्यवस्था नै उनीहरूको स्वर्ग हो। उनीहरूलाई यसमा लुटन, चुस्न, शोषण गर्न, शासन गर्न, मोजमस्ती गर्न मनमौजी प्रकारले सुविधा छ। तर उनीहरूले जसरी आफ्नो एकलौटी शासनमा जस्तो गरी शान्ति प्रकृया र संक्रमणकालीन राजजनैतिक परिस्थितिमा भनिरहेका छन् यो नमिलेको मात्र हाइन पुरै उल्टो र हानिकारक छ। किन भने जे कारणले संसदीय व्यवस्था जनताको बीचबाट समाप्त हुदै थियो, जो शक्तिसँग शान्ति वार्ता भएर विस्तृत शान्ति सम्झौंता भएको थियो, शान्ति सम्झौंताबाट जे स्थापना गर्न खोजिएको थियो, जसरी नयाँ नेपाल निर्माण गर्ने र जनतालाई अधिकार सम्पन्न गर्ने भन्ने थियो ती सबै विषयहरू लत्याएर पराजित संसदीय व्यवस्थालाई स्थापना गर्नु थियो गरियो अब त्यसलाई चुनाव गरेर जनताबाटै अनुमोदन गराउनु पर्छ भने जसरी जुन पर्वको प्रचार गरिएको छ यो विल्कूल घातक छ।

संसदीय व्यवस्थाले जनता माथि दमन र राष्ट्रघात गरिरहे पछि माआवादी पर्टीको नेतृत्वमा संसदीय व्यवस्था विरुद्ध जनताले विद्रोह गरे । जनयुद्ध सारमा संसदीय व्यवस्था विरुद्ध कै विद्रोह थियो । जनयुद्धमा संसिदीय व्यवस्थाले

... बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

# शान्तिपूर्ण सभा नबिथोल

नेकपासहित सरकारद्वारा घोषित स्थानीय निर्वाचनको विपक्षमा रहेका दलहरूको शान्तिपूर्ण सभा, जुलुश तथा प्रचार अभियानमाथि गृहप्रशासनले हस्तक्षेप गर्ने र विथोल्ने तथा पक्राउ गर्ने कार्यलाई तीव्रता दिएको छ। चितवन, सुर्खेत, काभ्रे, महेन्द्रनगर त्यसको उदाहरण हो। बहुदलीय संसदीय व्यवस्थाको मर्म भनेकै कानुनी राज हो। नेपालको संविधानले शान्तिपूर्ण सभा र विरोधका रुपहरूलाई स्वीकार गरेको छ। कुनैपनि बहानामा त्यसलाई निषेध गर्नुहुँदैन। चुनावको विरोधमा आउने आलोचनालाई संसदीय पार्टीहरूले राजनीतिक प्रतिस्पर्धाकै आधारमा पराजित गर्न सक्नुपर्छ। राजनीतिक विरोधको स्वरलाई बल प्रयोग गर्दा शान्तिपूर्ण विरोधको स्वर र सोच निरुत्साहित हुन्छ। आलोचनात्मक स्वर र चिन्तनले हिंसात्मक दिशा समात्न प्रेरित गर्दछ र राज्यले कानुनी राज्यको बैधानिकता र नैतिक बल गुमाउन पुग्दछ। २०४८ सालमा तत्कालीन संयुक्त जनमोर्चाद्वारा आयोजित शान्तिपूर्ण जनसंघर्षमा दमन गर्दा तत्कालीन नेकपा (एकताकेन्द्र) जनयुद्धतिर गतिवान भएको थियो। २०५२ पछि किलो सेरा टु अपरेशन पश्चात राज्यको वैधानिक हैसियत सहरमा मात्र सिमित भएको थियो। सरकारले इतिहासबाट पाठ सिक्न आवश्यक छ। नागरिकले कमजोरी र कानुन उलंघन गर्न सक्छन्, तर सरकारले आफै कानुन तोड्न हुँदैन। सरकार विरोधको स्वर सुन्न र पचाउन नसक्ने गरी कमजोर भएको घटनाहरूले पुष्टि गरेका छन्। तसर्थ सरकारद्वारा शान्तिपूर्ण सभा र प्रदर्शनमाथि भएको अवरोध र पक्राउका घटनाले देशलाई फेरि हिंसातिर धकेल्नेबाहेक अरु केही गर्दैन। त्यसैले हिंसा उन्मुख हर्कत सरकारले तत्काल रोक्नुपर्छ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# दोदा नदी किनारमा भक्ति थापा

*मान्छे झन्झन् दुःखी हुँदै गएका छन्। समाज संकटतिर छ। तर हामी हतारमा छौं हरपल। यो हतारको यात्रा र छट्पट्टि 'स्वर्गको हो कि नरकको ?' थाहा छैन तर हामी हतारमा छौं। आफ्नै जीवनको स्वचालित नियन्त्रक के हो ? को हो ? सोच्ने फुर्सद छैन।*



अनिल शर्मा

मनको लेखोटमा ताजै सम्झना छ – २०४९/०५० सालतिर विद्यार्थी राजनीतिमा रहँदा दोदा नदीको बगरमा धेरैपटक पाइला परेका थिए। दुई दशक अघि कर्णाली पारिका खोल्सा, खहरे र खोलाहरूमा पुल-पुलेसा थिएनन्। गुलरिया पारि उत्तर प्रदेश (भारत) को बिछिया-पोलियाकला-गौरीफन्टा हुँदै धनगढी आउनु पर्थ्यो खासगरी वर्षातका दिनमा। उसबेला आजजस्तो राजनीति कमाउ धन्दा थिएन। सामाजिक प्रतिष्ठा र आकर्षणको विषय पनि थिएन। उसबेला एक्लैएक्लै दोदा नदी किनारमा बगरको मिराज हेर्दै पुगिएको हो। कञ्चनपुरको पुनर्वास क्षेत्र एउटा मुगलान थियो। भारतीय डाँका, अनकन्टार, गरिब, सुकुम्बासी, सीमापारिको ज्यादती, सर्प, बिच्छीको आतङ्क भएको स्थान मानिन्थ्यो। चितवन राष्ट्रिय निकुञ्जबाट विस्थापित थारुहरूलाई सरकारले पुनर्वास जाउ भन्यो। उनीहरू त्यता जान मानेनन्, बरु आज पर्यन्त पहाडी बाजेका हली बनिरहेका छन्। सपनाको समाजवादको के कुरा गर्नु, त्यसपूर्व तीनको हातको अनौ र बाजेको अरनखटन छुट्ने छाँट् छैन।

देशभरिबाट प्राण धान्न भौतारिएका हाम्रा अग्रजको दुखिया भूमिका दुई दशकपछि पुग्ने हुटहुटी गोविन्द गौतमको हत्याले पैदा भएको थियो। धनगढी बजारदेखि १० कि.मि. दुरीमा दोदा नदी पर्दछ। साथी विरबहादुर थापा (विज्ञान) ले भारत-नेपाल सिमाना हुँदै हुलाकी सडकमा धुलो उडाउँदै दोदा नदी परैबाट 'गोविन्द गौतमको दाह संस्कार भएको उ त्यहीं हो सर' औलाले पुलपारी देखाउँदै भनेका थिए। पुनर्वास क्षेत्रको भौतिक अवस्था हिजो जस्तो रहेनछ। समय सँगै यातायात, सञ्चार र महेन्द्र राजमार्गले अर्कैअर्कै भएछ त्यो क्षेत्र। त्रिभुवन गा.वि.स. गर्दा आमाको गहमा रसुवा राम्चेको पहिरोमा ढुङ्गा झरेझैं आँशुका ढिक्का गुडुल्किदै थिए। वातावरण एकाएक स्तम्भ भयो। साथीहरू निन्याउरा देखिए। अहो ! कत्ति कठिन हुँदो रहेछ बुढी आमाहरूका आँखाको आँशु हेरिरहन ! २०३६ साल आसपासमा कञ्चनपुरमा पुनर्वास खुलेको थियो। फुपाजुले तेरो थातथलो भएन। पुनर्वास हिंड, केही जग्गा मिल्छकि भनेछन्। त्यसपछि २०३६ सालमा डोकोमा भएका सामान हालेर पोलियाकला (उत्तरप्रदेश, भारत) धनगढी हुँदै अर्काको भरिया भएर पुनर्वास आएका रहेछन्। खिमलाललाई जग्गा सिफारिस पनि कसले गरिदिन्थे र ! "यही जग्गाको झाडी फाँडेर मकै छरियो, भालुभुत्ते आएर दुःख दिन्थे। मेरो को छ र, मारे हुन्छ, यहीं मार बुढा भन्थे। दाउरा धनगढीसम्म पुऱ्याएर जहान पाल्थे" अतित सम्झँदै सहिद आमा भन्दै हुनुहुन्थ्यो। भारतीय सिमानासँगै जोडिएको जग्गा देखाउँदै आमा भन्दै बोल्दै गर्दा विधवा बुहारी सानो नानी च्यापेर पिलपिलाउँदै सासुको आडैमा सर्दै थिइन्।

पिता खिमलालले थातथलो त बनाए। तर दुखीयाका दिन उसरी नै बितेका थिए। खर्च टार्न महिला छोरा गोविन्द मलेसिया पुगे। कमाउन सकेनन्। 'धनीका खुशीहरू, गरिबका आँशुबाट किनिएका हुन्छन्' थिनस फुलरले कतै भनेका छन् क्यार। मलेसिया पनि आँशुका पसलेको देश न हो। रित्तो हात मलेसियाबाट फर्के। त्यसपछि फेरि साउदी अरबतिर लागे। साउदीमा पनि धेरै दिन बस्ने अवस्था भएन। जाउ आउ खर्च उठ्यो, थोरै कमाएर गाउँमा पक्की घर बनाउन जग हाले तर खर्च पुगेन। त्यसैले उनी भारतीय बजारमा जाने आउने गर्न थाले। एकातिर टाउको ठोकिने झुपडी छ, अर्कोतिर अधुरो बन्दै गरेको घरको जग छ, रक्षा भएको छ। तर भारतीय अतिक्रमणको विरुद्ध उत्रेका गोविन्द गौतमको हत्या भएको छ। एक जना गरिब, अनपढ, गाउँले युवाले बलिदान गरेर नेपाली भूमिको रक्षा गरेका छन्। आनन्द बजारमा अर्को भक्ति थापाको जन्म भएको छ। त्यसले नेपाली समाजमा बढ्दो दलालीकरण र दासत्व बोधलाई लामो समयसम्म चुनौती दिइरहने छ।

हामी सिमानामा टेकेर घटनाको फेहरिस्त स्थलगत रुपमा लिने र फोटो लिने काम गरिरहेका थियौं। दुरदर्शक यन्त्रबाट निगरानी गरिरहेका भारतीय सीमा सुरक्षा बलका जवानहरू हाम्रो नजिक आइपुगे उनीहरूमध्ये राइफल बोकेको एउटाले 'ये कौन है, मिडियावाला, यिनको कुछ नही देना' भन्यो। उनीहरू हामीतिर सर्दै थिए। सायद क्यामेराका फोटाहरू खोस्न चाहन्थे। हामी सिमावारी आयौं। जहाँ झडपका कारण विस्थापित पसलेको खाली भवनमा नेपाली सीमा सुरक्षा बल बसेको छ। सीमा सुरक्षा बल आनन्द बजारका प्रमुख मोहन कार्कीले घटनाको जानकारी गराए। चिसो पानीले स्वागत गरे। उनमा नेपालीको प्रतिरोधप्रति गहिरो सहानुभूति देखिन्थ्यो। 'यो घर पाएर सजिलो भएको छ। नत्र नाङ्गो आकाशमा बस्नु पर्थ्यो सर' व्यक्तिको घरमा प्रहरी बस्यो भनेर आलोचना होला भनेर चिन्तित देखिन्थे उनी। चैत्र २५ गते सो क्षेत्रको विवाद समाधान गर्ने र हराएको पिल्लर खोज्ने भनी दुई देशका प्राविधिकहरू खटिएका थिए। हामी त्यही बेला सो क्षेत्रमा पुगेका थियौं।

भारतीय प्राविधिकहरूले पैदल जाउँ भन्दै गर्दा नेपाली टोलीले भने उनीहरूलाई 'बाहनमा जाउँ न' चाकरी गर्दै थिए। आनन्द बजारमा गौतमको स्मारक बन्दै रहेछ। गोविन्द गौतमको हत्याको विरुद्ध नेकपाले





सहिद गौतम परिवार

४ आज पुनर्वास न.पा. ४ भएछ।

हामी शुरु मै सहिद गोविन्द गौतमको घर 'घ गाउँ' माछापुच्छ्रे टोलमा पुग्यौं। आँगनमा पुग्नासाथ सहिदकी आमाले चिसो पानी र काँक्राका चिरा थालभरि टक्रयाउनु भयो। हामीले खाना खाएको १० मिनेट पनि नभएको जनाउ दियौं। सहिदकी आमाले पिढीको गुन्द्री तान्दै ' गर्मी बढेको छ बाबु, शितल हुन्छ' भन्नु भयो। हामी आपसमा परिचय गर्नतिर लाग्यौं। आमा हरिदेवीका वरिपरि सहिद पत्नी लक्ष्मी, ठूली छोरी आशिका, माइली छोरी आकृती घिरिप्प भए। कान्छी छोरी आसुम जुटको बोराको झुलुङ्गेमा रहिछन्। कान्छी त दुई वर्ष पुगेको छैन यता छे 'झलुङ्गेबाट काखमा लिँदै' आमाले भन्नु भएथ्यो। सहिदका पिता गाउँतिर कतै टहल्न जानु भएको रहेछ।

मान्छे झन्झन् दुःखी हुँदै गएका छन्। समाज संकटतिर छ। तर हामी हतारमा छौं हरपल। यो हतारको यात्रा र छट्पट्टि 'स्वर्गको हो कि नरकको ?' थाहा छैन तर हामी हतारमा छौं। आफ्नै जीवनको स्वचालित नियन्त्रक के हो ? को हो ? सोच्ने फुर्सद छैन। 'आगो लिन आएझैं' हतारो थियो। त्यसै दिन रात्रीमा काठमाडौं फर्किनु थियो। तैपनि केहीबेर भएपनि भलाकुसारी गर्न थाल्यौं। सहिद पिता खिमलाललाई आफ्नो थर र जिल्ला बाहेक पिता पूर्खाको केही अत्तोपत्तो नै रहेनछ। "बुढालाई आमा-बा पनि थाहा छैन। सानिमाले हुर्काउनु भएको रहेछ। तँ गौतमको छोरो होस् बाबु भन्नुहुन्थ्यो रे। २०२७ सालमा बाग्लुङबाट चितवन, गैंडाकोट झर्दा फुपुको फरियाको फेरो समातेर पछि लागेका हुन्" बुढाका दुःखी दिन कहँदै बनाउने घरमूलीलाई भारतीय फौजले हत्या गरेको छ। लाग्छ बालकृष्ण समले उनैलाई हेरेर 'हे ईश्वर दुःखीको घरमा मात्र तेरो बास हुने भए कृपागरी मलाई अझ दुःख दे' भनेका हुन। छोटो छलफल पछि हामी भारी मन घिसार्दै कारगिल डाँडातिर लाग्यौं।

त्यसक्षेत्रमा १९९ र २०१ नम्बरका सीमा स्तम्भका बीचमा २०० नम्बर स्तम्भ छैन। त्यसको अवशेष नै हराउनु पर्ने कुनै कारण छैन। पहिरो वा बाढीले बगाउने ठाउँ पनि होइन। नियतबस सीमा स्तम्भ चोरिएको र त्यसैको आधारमा नेपाली भूमी कब्जा गर्ने छिमेकीको दुर्नियत प्रष्ट देखिन्छ। बसई बजार (भारततर्फ) र आन्नद बजार (नेपालतर्फ)को बीचमा खोल्सोमा ह्यूम पाइप नेपालीले राखेर पुल बनाएका छन्। फागुन ७ को द्वीपक्षीय सहमती तोडेर भारतीय पक्षले पुल भत्काउन खोज्दा २५ गते नेपालीले प्रतिरोध गरे, त्यसपछि भारतीय फौजले गोली चलायो र गोविन्द गौतमको हत्या गऱ्यो। भारतीय सीमा सुरक्षा बलद्वारा मारिएका गौतम एक्ला नेपाली नभएर पाँचौं देशभक्त सहिद हुन। घटनापछि गाउँका दलालहरूले नक्कली संघर्ष समिति बनाएर भारतीयको चाकरी गरेर स्वार्थसिद्धि गर्ने निकृष्ट षड्यन्त्र भैरहेको गुनासो पनि सुनिन्थ्यो। ७० वर्षे सहिद पिता खिमलालको पनि त्यस्तै आशंका थियो। फागुन २५ गते भारतीयले नेपाली सीमा मिचेको र नेपालीलाई कुटपिट गरेको खबर सामाजिक सन्जालमा फैलिएपछि वरपरका नेपाली उर्लेर भारतीय अतिक्रमणकारीलाई लखेटेका थिए। भारतीयले उखेल्न खोजेको पुल यथावत छ, नेपाली भूमिको तत्काललाई नेपाल बन्द सहित देशव्यापी प्रतिरोध गऱ्यो। तर दुःखको कुरा सहिदको दैलो र प्रतिरोधको/देशभक्तको गौरवशाली माटो आनन्द बजारमा हाम्रा कुनै नेता अझसम्म पुगेका रहेछनछन्। 'अरु पार्टीले पैसा बाँडेका छन्, हाम्रो त कोही आउन्नन्, के भनेर जानु !' स्थानीय नेता क. गौरीले लघुताभास गरे। रणनीति र कार्यनीतिका बिचको अन्तर विरोध त्यस्तो थियो। माथिल्लो तहबाट नेपालबन्द हुनासाथ त्यो आवाज सहिद परिवार र आनन्द बजारमा द्रुतमार्ग (फास्टट्र्याक) मा पुग्नुपर्थ्यो।

केही वर्ष अघि ललितपुर, प्युटारमा कल्लीकुमारीलाई बोक्सी आरोपमा मलमूत्र खुवाउँदा त्यसको विरोधमा गैरसरकारी संस्थाहरू सडकमा सुतेर लड्दै गर्दा हाम्रा दलित संगठनका तिलक परियारसहितका नेताहरू प्रचण्ड निवासमा दलितहरूलाई मन्त्री पद देऊ भनेर धर्ना बसिरहेका थिए। आनन्द बजारमा फर्किंदा मनमा हुँडलो चलिरहेको थियो। दुनियाँ बदल्नका लागि असल नियत र इमानदारिता मात्रै पर्याप्त नहुने रहेछ।

## माओवादीद्वारा ...

जनाएका छन्। सिरिया र उत्तर कोरियामा भइरहेको तनाव र त्यसमा अमेरिकाको भूमिकाका कारण तेस्रो विश्वयुद्धको सम्भावनाको चर्चा भइरहेका बेला ट्रम्पले अमेरिकी सिनेटको बैठक बोलाएका हुन्। अमेरिका र उत्तर कोरियाले एक अर्कोलाई कारबाहीको धम्की दिइरहेका बेला चीनले भने कोरियाली प्रायद्वीपको शान्तिपूर्ण समाधानको पक्षमा रहेको दोहोऱ्याएको छ।

# अक्टुबर क्रान्तिको शतवार्षिकी दिवस

## गल्तीबाट सिक्न सक्नुपर्छ - अजय शर्मा, नेता, नेकपा (मसाल)




लेनिनको समयमा पुँजीवाद कार्ल मार्क्सको समयको जस्तो थिएन । त्यो साम्राज्यवादमा पतन भैसकेको अवस्था थियो । त्यस्तो अवस्थामा लेनिनले मार्क्सवादलाई सृजनात्मक रुपमा प्रयोगमा ल्याउनुभयो। एकातिर पुँजीवाद अथवा साम्राज्यवादको आधारभूत चरित्र यथावत रहेका कारणले लेनिनवादको सान्दर्भिकता आज पनि यथावत रहेको छ । आज अक्टोबर क्रान्ति दिवस मनाउनुको अर्थ र विचार व्यवहारमा पुनर्जागृति गर्नु पनि हो । वस्तुगत यथार्थ र परिस्थितिको सतप्रतिशत बुझ्न र ज्ञान हासिल गर्न नसक्नुका कारण नेताहरूबाट गल्तीहरू हुनसक्छन् सत प्रतिशत सही ज्ञान प्राप्त गर्नु कसैका लागि पनि सम्भव हुँदैन । गल्तीहरू थाहा भएपछि स्वीकार गर्नुपर्दछ । लेनिनले सँधै त्यसलाई लागु गर्नुभएको थियो । लेनिनले सँधै पार्टीलाई जनताका बीचमा स्थापित गर्न जोड दिनुभएको थियो । जनताका बीचमा नजाने पार्टीको विनास हुने उहाँको निष्कर्ष थियो । त्यसैले लेनिनका रचनाहरूलाई व्यापक प्रचार गर्नुपर्दछ ।

## नेपाललाई विघटित र विभाजित गराउने षड्यन्त्र भइरहेको छ - साध्यबहादुर भण्डारी, अध्यक्ष, संयुक्त जनमोर्चा नेपाल



नेपाली कम्युनिस्ट आन्दोलनमा संशोधनवाद र नवसंशोधनवादको जगजगी छ । जसले प्रतिक्रियावादी र दलाल शक्तिहरूसँग नाङ्गो साँठगाँठ गरिरहेको छ। त्यसैले आज नेपालको सार्वभौमिकता नै खतरामा परेको छ। हामी त्यसप्रकारको चुनौतिको विरुद्ध एकजुट भएर प्रतिरोध गर्न सक्छौं कि सक्दैनौं ? मूल प्रश्न यो हो । सन् १९५० मा प्रतिक्रियावादी शासक वर्गद्वारा दिल्ली सम्झौता भएको थियो । २०६२ सालमा आएर क्रान्तिकारी खास्टो ओढेर दोस्रो दिल्ली सम्झौता नेकपा (माओवादी) को नाममा गरियो । १२ बुँदे सहमती अर्को दिल्ली सम्झौता थियो । हामी देशभक्त भन्नेहरू थला परेको अवस्थामा छौं । भारतीय विस्तारवादले नेपालमा उसका प्रभावकारी शक्ति तयार र परिचालन गरेर नेपाललाई विभाजित गराउने र विघटित गराउने षड्यन्त्र गरिरहेको छ । श्रीलङ्कामा भारतको तमिलनाडुबाट गएका आप्रवासी अर्थात् अँगिकृत नागरिकहरूले अलग देश माग गरेर पृथकतावादी विद्रोह गरेका थिए । नेपालमा तराईका अँगिकृतहरूले त्यही माग उठाइरहेका छन् । भारतले त्यसलाई समर्थन र सहयोग गरिरहेको छ । त्यसैले तराईको आन्दोलन प्रयोजित छ ।

## अक्टोबर क्रान्तिको प्रभाव र सन्देश विश्वव्यापी छ - सीपी मैनाली, महासचिव, नेकपा (माले)




अक्टोबर क्रान्तिको प्रभाव र सन्देश आज पनि विश्वव्यापी छन् । रुस त्यतिबेला पुँजीवादी र सामन्ती थियो । सबै स्थानमा पुँजीको विकास भएको थिएन । लेनिनले विश्वयुद्धलाई गृहयुद्धमा बदल्ने नीति लिनुभयो । क्रान्तिपछि तुरुन्तै लेनिनको निधन भएका कारण उहाँहरूले धेरै सृजनात्मक कामहरू गर्न भ्याउनु भएन । रुसी क्रान्तिका लागि आन्तरिक र बाहिरी भौतिक परिस्थिति अनुकूल थियो । लेनिनले ती अनुकूलताहरूलाई बुझ्न र जारका विरुद्धमा सबै शक्तिहरूलाई परिचालन गर्नुभयो । त्यसैले रुसमा क्रान्ति सम्पन्न हुन सक्यो ।

नेपाली कम्युनिस्ट आन्दोलन फुटको समस्याले ग्रस्त छ । यसले क्रान्ति सम्पन्न गर्न नसकेपनि केही राम्रा काम गरेको छ । २००७ सालको क्रान्तिमा राम्रो र क्रान्तिकारी भूमिका, २०४६ सालमा पञ्चायती व्यवस्था विरोधी आन्दोलनमा महत्वपूर्ण भूमिका र २०६२/६३ सालको गणतन्त्र स्थापनाको जनआन्दोलनमा जनयुद्धको रापतापसहित यसको निर्णायक भूमिका रहेको छ । माओवादी शान्ति प्रक्रियामा आएर जनगणतन्त्र ल्याउन जतिसुकै बल गरेपनि त्यो सम्भव भएन । बाह्य शक्तिको प्रभावको कारण लोकतान्त्रिक गणतन्त्रमा सिमित हुनुपऱ्यो । बाह्यशक्ति नै निर्णायक बन्यो । अहिले संविधान लागु हुन नदिने खेल भारतबाट भइरहेको छ। कहिले प्रजातान्त्रिक कांग्रेस, कहिले मधेसवादी भनेर त्यसप्रकारको खेल भइरहेको छ । भारतले ७ बुँदे मागपत्र सञ्चारमार्फत् सार्वजनिक गऱ्यो । नेपालले त्यसलाई नमानीकन संविधान जारी गरेपछि नाकाबन्दी लगायो । नेपाल र विश्वभरिबाट नाकाबन्दीको व्यापक विरोध भएपछि माघ २२ गते सो नाकाबन्दी फिर्ता लियो । तर उसको माग र दबाव यथावत छ । राष्ट्रपति भण्डारी भारतको भ्रमणमा जाँदा पनि भारतले घुमाएर त्यही विषय उठाएको छ ।

हामीले झापा विद्रोह जनगणतन्त्र ल्याउन भनेर नै सुरु गरेका थियौं । तर नेपालको भू राजनीतिले अहिले जनगणतन्त्र ल्याउन दिन्न । जनगणतन्त्र स्वीकार गर्नेभन्दा त्यसको अवरोध गर्ने शक्ति धेरै बलियो छ । चीन र रुसको कुरा मात्र गरेर जनवाद ल्याउन र टिकाउन सकिन्न । वि.पी.ले संयुक्त राष्ट्र संघको सदस्यता माग गर्दा नेपाली कांग्रेसबाटै 'नेपाल स्वतन्त्र देश नै होइन, केही अवसरवादी नेताको स्वार्थका कारण अलग देश बनाउन खोजिएको छ। त्यसकारण नेपाललाई संयुक्त राष्ट्र संघको सदस्यता आवश्यक छैन भन्नेहरू थिए । अहिले पनि कांग्रेसमा भद्रकाली मिश्रहरू धेरै छन् । इन्दिरा गान्धीले तराईलाई नेपालबाट पृथक गर्न 'रअ' लाई निर्देशन दिएकी थिइन् । अन्तर्राष्ट्रिय परिस्थितिका कारण त्यो त्यसबेला सम्भव भएन । भारत अहिले पनि 'इन्दिरा मिसन' मै छ । २०४६ सालमा सलिम मियाँ अन्सारीले राजा फाल्नको लागि भारतले हतियार, रकम, बास, प्रचार सबै सहयोग गर्ने प्रस्ताव केन्द्रीय समितिमा आएको थियो । माधव नेपालले 'ठोक्दिने त ?' भन्नुभएको थियो । मैले विदेशीको सहयोगमा राजा फालेर के गर्ने, हामीलाई भोली दास बनाउँछ भनेर रोकेको थिएँ ।

विपीले २०३३ सालमा 'न संघर्ष न आत्मसर्पण' को नीति लिएर नेपाल फर्किए । सिक्किम र बंगलादेशको घटना हेरेर वि.पी.ले भारत छोडेका थिए । आज अमेरिका र भारतका बीचमा सहकार्य बढेको कारण नेपालमाथि इन्दिरा गान्धीको समयमा भन्दा बढी खतरा पैदा भएको छ ।

## तीन पार्टीबीचमा एकता होस् - गणेश साह, महासचिव, नेकपा (संयुक्त)



म कम्युनिस्ट पार्टीमा लाग्दा वर्ग संघर्ष हेरेर लागेको हो । आज जस्तो संघीयता, समानुपातिक, समावेशी शब्दहरू सुनिएकै थिएन । हामीले बृहत बाम तथा लोकतान्त्रिक मोर्चा बनाउने नारा अगाडि सारेका छौं । यस वर्षको मई दिवस संयुक्त रुपमा मनाउनका लागि म साथीहरूसँग प्रस्ताव राख्दछु । तत्काल पार्टी एकता हुन सक्दैन भने पनि किसान, मजदुर जस्ता वर्गीय संगठनहरूका बीचमा एकता गरेर जनताको पक्षमा जनसंघर्ष उठाउन आवश्यक छ । विश्वका मजदुरहरू एक होऔं भन्दै फुट्दै भएको छ । म यहाँहरूलाई शुभकामना दिन चाहन्छु तीन पार्टीका बीचमा तत्काल एकता होस् ।

## अक्टोबर क्रान्तिको शतवार्षिकी सन्दर्भमा प्रस्तुत कार्यपत्र

*(२०७४ वैशाख ९ गते अक्टोबर क्रान्तिको शतवार्षिकी समारोहमा आयोजित संयुक्त अन्तरक्रिया कार्यक्रममा क.विप्लवद्वारा प्रस्तुत कार्यपत्रको पूर्ण अंश ।)*

"यो महान दिवस हामीबाट जति टाढा हुँदै गईरहेको छ सर्वहारा क्रान्तिको महत्व उति नै अधिक स्पष्ट हुदै गइरहेको छ ।" लेनिन, भाग १० पेज २०४, अक्टोबर क्रान्तिको चौथो जयंती

"अक्टोबर क्रान्तिको झण्डा अपराजय छ र फासिवादका सबै शक्तिहरूको अन्तिम विनाश निश्चित छ । " माओ भाग ३ पेज ८२ १९४२ नोभेम्बर ६ अक्टोबर क्रान्तिको पच्चीसौं उत्सवका उपलक्ष्यमा

**१) भूमिका**

रुसमा सन १९१७ अक्टोबरमा पुँजीवादी दुनियालाई स्तब्ध पार्दै महान वैज्ञानिक समाजवादी क्रान्ति सफल भएको थियो । श्रमिक वर्गले इतिहासमा पहिलो पटक शोषण, दमन र विभेद हटाउने राज्य प्राप्त गऱ्यो । उक्त युगान्तकारी राजनैतिक क्रान्तिले यतिबेला १०० वर्ष पार गरेको छ । यी सय वर्षमा वैज्ञानिक समाजवादले गौरवपूर्ण सफलता र पीडादायी असफलता बेहोरेको छ । हामी यीनै क्रान्तिका विशिष्ट अनुभव सहित अक्टोबर क्रान्तिको शतवार्षिकी कार्यक्रममा सहभागी भइरहेका छौं । २१औं सताब्दीमा हामी कम्युनिस्टहरूको काँधमा त्यस्तै गह्रुंगो कार्यभार छ जुन कार्यभार १९औं शताब्दीमा मार्क्स र २०औं शताब्दीमा लेनिन, माओको काँधमा थियो । हामी पुरै दावीका साथ भन्न सक्छौं वैज्ञानिक समाजवाद नै मानवजातिलाई शान्ति र समृद्धिको दुनियाँमा पुगाउँने उत्कृष्ट सभ्यता हो ।

**२) अक्टोवर क्रान्तिको सफलता**

महान अक्टोबर क्रान्ति सन १९१७अक्टोबर २५मा युरोपको पछ्यौटे तर शक्तिशाली साम्राज्यवादी मुलुक रुसमा सम्पन्न भयो । त्यस वेला रुस तिव्रतामा पुँजीवादीकरण भइरहेको तर जार संम्राट निकोलस रोमानोभ र केरेन्स्कीहरूको शासन चलिरहेको थियो । श्रमिक वर्गको नेतृत्वमा मजदूर आए पनि किसानहरूको संख्या निकै ठूलो थियो । यी दुवै वर्ग सत्ताबाट उत्पीडि थिए । पहिलो विश्व युद्धको मारले राष्ट्रिय सेना पनि असन्तुष्ट थियो । राज्यमा जार कालिन साम्राज्य र संसदीय व्यवस्थालाई नै सर्वशक्तिमान मानिन्थ्यो । उनीहरूको सत्ताको विरोध गर्नु भनेको भगवान र सभ्यता कै विरोध गर्नु हो भन्ने भ्रम थियो । त्यसैगरी रुसी राजनैतिक आन्दोलनमा काल्पनिक समाजवादी, संशोधनवादी, सुधारवादी, अर्थवादी, अराजकतावादी धारा पनि थिए । उनीहरूलाई प्रतिक्रियावादी सत्तालाई श्रमिक वर्गको ताग्तद्वारा आमूल परिवर्तन गर्न सकिन्छ भन्ने विश्वास थिएन् । परन्तु महान लेनिनको नेतृत्वमा रहेको रुसी कम्युनिस्ट पार्टी (वोल्सेभिक)को अगुवाई र मजदूर, किसान, सेनाको सयुक्त तागतमा हजारौं वर्ष देखि शासन जामाउँदै आएका जार, पोप, मालिक र सामन्तहरूलाई गद्दिबाट पछार्दै, कल्पनावादी, संशोधनवादी, सुधारवादी, अराजकतावादी, अर्थवादीहरूलाई विज्ञानको धर्तीमा ओराल्दै वैज्ञानिक समाजवादी क्रान्ति सफल भयो । यो क्रान्तिले नै हजारौं वर्ष देखि मालिक र सामन्तहरूको शासन मुनि दविएका श्रमिक वर्गलाई राज्य सत्ता संचालकमा स्थापित गरिदियो । साथै मानव जातिलाई मार्क्स, एङ्गेल्सले परिकल्पना गर्नु भएको वर्ग विहिन साम्यवाद तर्फ लैजान सकिन्छ भन्ने विश्वास दिलायो ।

**३) अक्टोवर समाजवादी क्रान्तिको महत्व र प्रभाव**

वैज्ञानिक मसाजवाद नयाँ र क्रान्तिकारी विचार थियो । यसले आध्यात्मवादको सट्टा भौतिकवाद, मालिक वर्गीय सत्ताको सट्टा श्रमिक वर्गीय सत्ता, अन्धराष्ट्रवादको सट्टा अन्तर्राष्ट्रवाद, सुधारको सट्टा क्रान्तिको विचार ल्याएको थियो । अक्टोबर क्रान्तिले यो विचारलाई सहि सावित गरिदियो । वैज्ञानिक समाजवाद स्थापना भए पछि मजदूर, किसान माथिको अमानवीय शोषण, उत्पीडन,दमन अन्त्य भयो । श्रमिकहरूले काम अनुसारको दाम पाउने भए, किसानहरूले जमिन पाए, महिलाहरूले पुरुष सरह आर्थिक र राजनैतिक अधिकार प्राप्त गरे, सवैले समान शिक्षा पाउने भए , राष्ट्रहरूले राज्यमा समान अधिकार पाए, धर्मलाई राज्यबाट अलग गरियो र विज्ञानमा जोड दिइयो । सारा मानव जाति वैज्ञानिक समाजवादको निर्माणमा दत्तचित्तले सहभागि बन्ने मौका पाए ।

वैज्ञानिक समाजवादको सफलताले विश्वमा थाम्ने नसक्ने लोकप्रियताको लहर पैदा गऱ्यो । युरोप, अमेरिका, एसिया, ल्याटिन अमेरिका र अफ्रिकाका कम्युनिस्टहरूमा उत्साह र आत्मविश्वास पैदा गऱ्यो । अन्धराष्ट्रवादमा विचलित दोस्रो अन्तराष्ट्र विघटन भयो । विश्वभरिका कम्युनिस्टहरूको प्रतिनिधित्वमा सन १९१९ मार्चमा तेस्रो अन्तराष्ट्रको निर्माण भयो । यसको प्रभाव सहित नेपालमा पनि सन १९४९ अप्रिल २२मा कम्युनिस्ट पार्टीको स्थपना भयो । समाजवादको प्रभावले बुर्जुवा सुधारवादीहरूलाई पनि लपेटामा पऱ्यो । उनीहरू साम्राज्यवाद विरोधि संघर्षमा कम्युनिस्टसंग सहकार्यमा आए । वेलायतको लेवर पार्टी, भारतका जवाहरलाल नेहरू, चीनका सन यात्सेन, अफ्रिकाका नेल्सन मण्डेलाहरूको सहभागितालाई उदाहरणमा लिन सकिन्छ । वीपीको "समाजवाद" लाई पनि यसैको प्रभाव मान्न सकिन्छ । विश्व राजनीतिमा समाजवाद विनाको 'प्रजातन्त्र' अस्वीकार्य जस्तै भयो ।

क्रान्ति पछि वैज्ञानिक समाजवादका विरुद्ध साम्राज्यवादी र संशोधनवादीले देश भित्र र बाहिरबाट हमला गरे; तर लेनिन, स्टालिनको कूशल नेतृत्वमा वैज्ञानिक समाजवादलाई रक्षा गर्ने काम भयो । दुःखद कुरा प्रतिक्रान्तिकारीहरूको उक्साहटमा कामदार महिलाले सन १९१८ मा लेनिन माथि गोली प्रहार गरीन् । गोलीको असर र कामको चापले लेनिनको स्वास्थ्य बिग्रिदै १९२४मा उहाँको निधन हुन पुग्यो । सर्वहारावर्गको सत्ता स्थिर र सुदृढ नहुँदै लेनिनको निधन हुन पुग्दा समाजवादी आन्दोलनमा निकै ठूलो नोक्सान भयो । तथापी लेनिनका घनिष्ट कमरेड स्टालिनले समाजवादलाई कैयौं कठिन र संकटपूर्ण मोडबाट रक्षा गर्दै अगाडि बढाउनु भयो । वास्तवमा दोस्रो विश्व युद्धमा हिटलरको फासिवादलाई धुलो चटाउने र मानव जातिलाई फासिवादको भयानक विध्वंसबाट बचाउने नेतृत्व नै कमरेड स्टालिनको अगुवाईमा सोभियत समाजवादले गऱ्यो । यसैको सुखद परिणाम दोस्रो विश्व युद्धको समाप्ति सँगै पूर्वी युरोप, चीन, कोरिया, भियतनाम, क्युवामा वैज्ञानिक समाजवाद स्थापना भयो । तथ्याङ्क अनुसार यो अवधिमा विश्वको आधा जनसंख्या सहित एकतिहाई भू-भागमा वैज्ञानिक समाजवाद स्थापना भयो । यो नै वैज्ञानिक समाजवादको उत्कर्ष काल बन्यो ।

**४) अक्टोवर क्रान्तिको मार्गमा विचलन**

सन १९५३ मा स्टालिनको निधन र गद्दार ख्रुश्चोभको आगमन पछि कम्युनिस्टहरूले ठूलो समस्या भोग्नु पऱ्यो । ख्रुश्चोभ स्टालिनको सहयोगी बन्दै सत्तामा पुगेको थियो तर उसले सत्ता लिए पछि विशेषतः सन १९५६को सोभियत कम्युनिस्ट पार्टी विशौं महाधिवेशनबाट समाजवादी सत्तालाई उल्टाउन पुग्यो । उसले समाजवादलाई सबैको राज्य, सबैको सत्ता भन्दै तीन सको विचार (शान्तिपूर्ण संक्रमण, शान्तिपूर्ण सहअस्तित्व र शान्तिपूर्ण सहकार्य) आगाडि साऱ्यो । उसले कमरेड स्टालिन माथि तुच्छ र अराजनैतिक आरोपहरू थोपर्न पुग्यो ।

ख्रुश्चोभको संशोधनवादले विश्व कम्युनिस्ट आन्दोलनमा तीव्र वैचारिक राजनैतिक संघर्ष पैदा गऱ्यो । कमरेड माओको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीले ख्रुश्चोभी संशोधनवाद विरुद्ध संघर्ष संचालन गऱ्यो । अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनमा यो संघर्ष "महाविवाद"को नामले स्थापित हुन पुग्यो । सन १९६४मा ख्रुश्चोभको पतन भए पनि सोभियत कम्युनिस्ट पार्टीले उसको मार्ग त्याग्न सकेन् । त्यही धार हावी हुदै गएर ९०को दशकमा बोरिस यल्त्सीनको नेतृत्वमा प्रतिक्रान्ति हुन पुग्यो । संशोधनवादी लाइन कै कारण पूर्वी युरोप पहिले नै पुँजीवादमा पतन भइसकेको थियो । त्यसैलाई आधार वनाएर उत्तर आधुनिकवादी र उत्तर साम्राज्यवादी तत्वहरूले " इतिहासको अन्त्य " "विचारधारात्मक युगको अन्त्य " भन्दै अनेकौं भ्रम प्रचार गर्न पुगे । आज सम्म पनि यसको नकारात्मक प्रभाव चलिरहे कै छ । कम्युनिस्ट आन्दोलनमा सवै भन्दा उतारको अवस्था यही बन्न पुग्यो ।

**५) समाजवाद असफलताको शिक्षा र क्रान्तिकारीहरूको कार्यभार**

वैज्ञानिक समाजवादी व्यवस्थाले भोगेको असफलताले क्रान्तिकारी कम्युनिस्टहरूलाई गंभिर शिक्षा दिएको छ । हामीले ती शिक्षालाई गहिरोगरि आत्मसाथ गर्न जरुरी छ ।

दार्शनिक रुपले वस्तुलाई 'बदल्नु' मुख्य कुरा हो भन्ने मार्क्सको संश्लेषण सही हुँदा हुँदै पनि समाजवादको असफलताले वस्तुलाई वदल्नु मात्र ठूलो होइन वदलेको वस्तुलाई रक्षा र विकास गर्नु महत्वपूर्ण विषय हो भन्ने शिक्षा दिएको छ ।

राजनैतिक रुपले जनवाद र अधिनायकत्वलाई वैज्ञानिक तरिकाले प्रयोग गरेर मात्र समाजवादलाई वर्ग विलोपिकरण सहित साम्यवाद तर्फ लैजान सकिन्छ । अधिनायकत्व र जनवाद अमूर्त विषय नभएर वैज्ञानिक पद्धति सहितको हुनु पर्छ ।

आर्थिक क्षेत्रमा वैज्ञानिक समाजवाद मूर्त र पारदर्शी हुनु पर्छ । जसले निजी संमृद्धि र सामाजिक संमृद्धिलाई नेतृत्व गर्दै वर्गविहिन समाज तर्फ अग्रसर गराउन सकोस ।

राज्यको नेतृत्व प्रणाली गतिशील र आवधिक हुन जरुरी छ । जसले श्रमिक वर्ग र कम्युनिस्टहरू बीचको सम्बन्धलाई सजिव र हराभरा बनाउन सकोस ।

कम्युनिस्ट समाज र संस्कृतिको विकास जीवन्त र ठोस प्रकारले गर्न आवश्यक छ । ताकि बुर्जुवा संस्कृतिको सट्टा कम्युनिस्ट संस्कृति श्रमिक वर्गमा लोकप्रिय हुन सकोस ।

पूर्व सोभियत संघको विघटन, नयाँ शक्ति केन्द्रहरूको विकास, विज्ञान र प्रविधिको अभूतपूर्व विकास, भूमण्डलिकृत र निगम पुँजीका कारण आजको विश्व लेनिनले व्याख्या गरेको विशौं सताब्दीको साम्राज्यवादी अवस्थामा नभई निकै नयाँ ठाउँमा पुगेको छ । यसलाई उत्तरसाम्राज्यवादीकाल भन्न सकिन्छ । उत्तरसाम्राज्यवादीकालमा पुग्दा यसले वैज्ञानिक समाजवादका आर्थिक, सामाजिक नीतिहरू चोरेर आफूलाई सुरक्षित गर्ने उपाय समातेको छ परन्तु राजनैतिक, आर्थिक, साँस्कृतिक रुपले यो अहिले पनि भिषण अन्तरविरोध र संकटहरू बोकेर बाचिरहेको छ । अर्थ राजनैतिक दृष्टिले ८५जनाको हातमा विश्वको आधा जनसंख्या बराबरको सम्पत्ति थुप्रिने देखि अति अन्धराष्ट्रवादी नीति, सैन्य शक्ति र युद्धद्वारा अस्तित्व बचाउनु पर्ने अनौठो स्थितिबाट उत्तर साम्राज्यवाद गुज्रि रहेको छ । साम्राज्यवाद कै कारण मध्यपूर्व लगायतका देशहरूमा लाखौं लाख जनताले अनाहकमा जीवन गुमाउनु परिरहेको छ । कैयौं सहर नै समाप्त हुन पुगेकाछन् । श्रमिक वर्ग संसारभरी शोषण, विभेद र दमनको चपेटा परिरहेकाछन् ।

यता कम्युनिस्ट आन्दोलन माओको मृत्यु पछि केन्द्र विहिन बन्ना पुगेको छ । रिमले केही समय क्रान्तिकारी केन्द्रको रुपमा काम गर्ने प्रयत्न गरे पनि अहिले प्रभावकारी छैन् । विश्वभरी क्रान्तिमा रहेका र नरहेका क्रान्तिकारीहरू संगठित अवस्थामा छैनन् या निकै कमछन् । जवकि हामी कम्युनिस्टहरूको नै संसारका श्रमिक जनतालाई आजको संकटबाट मुक्ति दिने र मानव जातिलाई वैज्ञानिकक मसाजवाद र साम्यवाद तर्फ डोऱ्याउन पहल गर्नु पर्ने छ । हामी कम्युनिस्टको लागि यो निकै गह्रुंगो र युगिन कार्यभार हो ।

**६) अक्टोबर क्रान्ति र नेपाली क्रान्तिको सन्दर्भ**

यतिवेला नेपाल सन १९१७को रुसी परिस्थिति संग मिल्दोजुल्दो अवस्थाबाट गुज्रि रहेको छ । जनयुद्ध, विस्तृत शान्ति संम्झौता र संविधान सभाबाट गणतन्त्र स्थापना भए पनि राज्य सत्ता दलाल पुँजीवादी शक्तिको हातमा पुगेको छ । जनताका आधारभूत अधिकारहरू सुनिश्चित हुन सकेका छैनन् । गास,बास, शिक्षा, स्वास्थ्य, रोजगारी केही छैन् । सामाजिक असुरक्षा,युवा, चेलीबेटी बेचबिखन, भ्रष्टाचार, कालोवजारी, तस्करी असिमित प्रकारले बढेको छ । नोकरशाह र राजनैतिक पार्टीका नेताहरू नै भ्रष्टाचार र तस्करीमा संलग्न छन् । देश माथि भारतीय साम्राज्यवादको अतिक्रमण गोविन्द गौतमको हत्या गर्ने स्तरमा पुगेको छ । नेपालको राजनीति, अर्थतन्त्र, प्राकृतिक सम्पदा( पानी, खानी, जंगल आदि), संस्कृति, हवाई अड्डा सवैमा उसको नियन्त्रण छ । नेपाल नवउपनिवेशको अवस्थामा पुगेको छ ।

श्रमिक जनताहरू यो संकटबाट निकास चाहन्छन् । तर पुँजीवादी, संसदवादीहरूबाट यसको निकास संभव छैन् । यो संकटको समाधान सामान्य राजनैतिक सुधार र संसदीय प्रकृयाबाट हुने स्थिति पनि छैन् । यसको समाधान नयाँ जनवादी र वैज्ञानिक समाजवादी क्रान्तिद्वारा मात्र संभव छ । त्यसका लागि हामी कम्युनिस्टहरूले केही महत्वपूर्ण पहल गर्न जरुरी छ । प्रथमतः हामी कम्युनिस्टहरू संभव भए सम्म ध्रुविकृत र एकतावद्ध हुने त्यो नहुने स्थितिमा पनि क्रान्तिका पक्षमा सयुक्त मोर्चा र कार्यगत एकता गर्न पहल गर्नु पर्छ । दोस्रो कुरा कम्युनिष्टहरूले मुट्ठिभर दलाललाई छोडेरै देशभक्त, लोकतन्त्रवादी शक्तिहरूलाई सयुक्त मोर्चामा गोलवन्द गर्नु पर्छ । तेस्रो कुरा देशलाई शान्ति, स्थिरता, स्वाधिनता र संवृद्धि केवल नयाँ जनवाद र वैज्ञानिक समाजवादले मात्र दिन सक्छ भन्ने सुस्पट दृष्टिकोण जनतामा पुगाउँनु पर्दछ ।

अक्टोबर क्रान्तिको शतवार्षिकी मनाउँदै गर्दा हामीले स्मरण गर्नु पर्छ अक्टोबर क्रान्ति लेनिन, स्टालिनको शक्तिले मात्र भएको होइन् । उक्त क्रान्ति कम्युनिस्टहरूको वुद्धिमत्तापूर्ण पहल र त्यहाँका मजदुर,किसान, सेना, देशभक्त शक्तिहरूको सयुक्त विद्रोहबाट मात्र संभव भएको हो । संयोगले आज हामी त्यस्तै समयको अवसरमा छौं । हामीले गंभिरतापूर्वक पहल गर्यौ भने नेपालमा २१औं शताब्दीको अक्टोबर क्रान्ति सफल हुन सक्छ । इतिहासको यो वास्तविकतालाई हामी कम्युनिस्टहरूले उच्च वोधका साथ आत्मसाथ गरौं । धन्यवाद ।

# थबाङ महाधिवेशनले गरेको संश्लेषण

२०१२ सालदेखि राजनीतिक रुपमा संगठित र जागरण संस्थागत भएको ऐतिहासिक थलो थवाङमा सोही समय वरपर नेपाल कम्युनिस्ट पार्टीका नेता मोहनविक्रम सिंह पुगेका रहेछन् । थवाङले आफ्नो राजनीतिक चेतनाको पहिलो प्रयोग पहिलो संसदीय चुनाव २०१५ मा कम्युनिस्ट पार्टीका उम्मेदवार हरूलाई मतदान गरी जाहेर गरे । परिवर्तनको पर्याय बनेको थवाङले २०३६ सालमा भएको जनमत संग्रहमा बहुदलका पक्षमा शतप्रतिशत मतदान गर्न पुग्यो । संघर्षका शुरुवाती क्रममा पञ्चायती व्यवस्थालाई पनि उपयोग गर्ने नीति अन्तरगत थवाङले स्थानीय निकायको चुनावमा भाग लिए पनि २०३८ सालमा पञ्चायती व्यवस्था अन्तरगत भएको राष्ट्रिय पञ्चायतको चुनाव वहिष्कार गर्दै शुन्य मतदान भएको थियो ।

बहुदलको आगमनसँगै २०४८ सालको आम निर्वाचनमा संयुक्त जनमोर्चाका उम्मेदवारको पक्षमा मत जाहेर गरेको थवाङले २०५१, २०५४ र २०५६ सालको चुनावलाई पूर्णरुपमा वहिष्कार गऱ्यो । यद्यपि २०५१ सालको प्रतिनिधिसभाको चुनावमा चार जना गाउँलेले लुकिछिपी मतदान गरेका थिए भने २०५६ को निर्वाचनमा १ जनाले मतदान गरेका रहेछन् । २०६४ सालको संविधानसभाको चुनावमा नेकपा (माओवादी) का उम्मेदवारलाई मतदान गरेका थवाङी जनताले २०७० सालमा भएको दोस्रो संविधानसभाको चुनावलाई वहिष्कार गर्दै थवाङ मतदान केन्द्रमा शुन्य मतको परिणाम दिएर सरकारलाई झापड दिए र आफ्नो संघर्षको पक्षधर ऐतिहासिकतालाई जोगाई राखे ।

२०५२ सालमा शुरु भएको दीर्घकालीन जनयुद्धका क्रममा दर्जनभन्दा बढी तथा पञ्चायतकालमा पनि राज्यद्धारा गरिएको ठूला-ठूला दमनकारी अप्रेशनहरूको सामना गरेको थवाङमा जनयुद्धमा जनकम्युनको अभ्यास सफल बन्यो । यी र यस्तै ऐतिहासिक पृष्ठभूमि बोकेको थवाङवासीमा नेपाली कम्युनिस्ट आन्दोलनमा देखिएको विखण्डन, आत्मसमर्पणवाद, संसदवाद र विसर्जनवादी प्रवृत्तिले केही निराशा देखिन पुग्यो । तर आम गरीब, किसान, मजदुर र उत्पीडितवर्गको मुक्तिका लागि योजना बनाउन नेत्रविक्रम चन्द "विप्लव"को नेतृत्वमा रहेको नेपाल कम्युनिस्ट पार्टी (माओवादी) कम्युनिस्ट इतिहासको ऐतिहासिक थलो बनेको थवाङमा नै आठौं राष्ट्रिय महाधिवेशन गर्न पुग्यो । यही ऐतिहासिक थलोमा बसेर दलाल पुँजीवादी राज्यसत्ताविरुद्ध नयाँ संघर्षको संश्लेषण गर्दै नेकपा (माओवादी)को आठौं महाधिवेशन सम्पन्न भयो । यस महाधिवेशनबाट गरिएका संश्लेषणले नेपाली कम्युनिस्ट आन्दोलनमा नयाँ आयाम थप्ने काम गरेको छ । यो महाधिवेशन थवाङ र नेपाली कम्युनिस्ट आन्दोलनको ऐतिहासिकताको हिसावले निकै महत्वको रहन गएको छ । यसै महाधिवेशनबाट आफ्नो पार्टीको नाम परिवर्तन गरेको नेपाल कम्युनिस्ट पार्टी (माओवादी)ले गरेका खास-खास संश्लेषण र प्रयोग बारे यस लेखमा केही प्रष्ट पार्न खोजिएको छ ।

१. पार्टीको नाम परिवर्तन : नेपाल कम्युनिस्ट पार्टीको स्थापनाकालमा कुनै थप विश्लेषण रहित थियो । जब कम्युनिस्ट पार्टी गलत लाइन र नेतृत्वको हातमा पुग्यो, तब विशेषतः तेस्रो महाधिवेशनपछि टुटफुट र विभाजनको श्रृंखला शुरु भयो । विभिन्न दर्जनौं नाम र समूहमा कम्युनिस्ट पार्टीहरू गठन भएपनि सारतः कम्युनिस्ट पार्टीमा आखिरीसम्म आउँदा कम्युनिस्ट आदर्शविपरीत नेतृत्वतह विर्सजनवादतिर भासिन पुगे । केहीले पुरानै संसदीय प्रतिस्पर्धा गर्ने दक्षिणपन्थी धार समात्न पुगे भने केहीले दरबार र पुँजीवादी पार्टी प्रवेश गर्ने विसर्जनवादी धार पक्डिन पुगे । तेस्रो महाधिवेशनमा महासचिव बनेका केशरजंग रायमाझीले पञ्चायती व्यवस्थाको समर्थन गरे । यस्तै उतारचढावका बीच आवश्यकताको आधारमा क्रान्तिकारी कदम अघि बढाउन आफूलाई सम्पूर्ण रुपले तयार पार्ने क्रान्तिकारी धार प्रमुख रुपले अस्तित्वमा रहे ।

२०२८ सालमा भएको झापा विद्रोह, २०४२ साल वरपरको नेकपा (मशाल), २०४८ सालको एकताकेन्द्र पछिको नेकपा (माओवादी) ले क्रान्तिकारी धारको नेतृत्व प्रदान गऱ्यो । तर यी धारहरू आखिरीसम्म जान सकेनन् । विशेषतः माओवादी धार आत्मसमर्पण र बिसर्जनवादी बाटो समात्न पुगेपछि पुर्नगठित धार पनि खासमा क्रान्तिकारी कदम अघि बढाउन तयार भएन भने माओवादी नाम पछिल्लो समयमा हदैसममको राष्ट्रघात,जनघात र दलालीको केन्द्रको रुपमा परिणत हुन पुग्यो । माओवादी नाम कलंकित र बदनाम हुन पुग्यो । अर्कोतिर कम्युनिस्ट पार्टी माओवादी मात्र भन्दा साँघुरो पनि बन्यो । त्यसैले यी विश्लेषणका आधारमा कम्युनिस्ट आन्दोलनलाई फराकिलो दायरामा ल्याउन र हरेक पार्टीभित्र रहेका देशभक्त, राष्ट्रवादी र गणतन्त्रवादी शक्तिहरू र कम्युनिस्ट सदस्यहरूलाई समेटेर अघि बढ्नुपर्ने आवश्यकता पार्टीको थवाङ महाधिवेशनले महशुश गऱ्यो । फलतः सोही महाधिवेशनले पार्टीको नाम नेपाल कम्युनिस्ट पार्टी राख्ने निर्णय गऱ्यो ।

२. एकीकृत जनक्रान्ति : दलाल पुँजीवादको विरुद्ध उत्पीडित जनता, देशभक्त शक्ति, मध्यमवर्ग, राष्ट्रिय पुँजीपतिसहितको सहयोग र सहभागितामा गाउँ र शहर, दलाल पुँजीवादको प्रभाव, देशभक्त शक्तिको प्रभाव, भू-परिवेष्टित राष्ट्र, जातीय/क्षेत्रीय एवम्/लैङ्गिक विभेद, साँस्कृतिक उत्पीडन, विज्ञान र प्रविधिको विकास ,साम्राज्यवादमा आएको उत्तर साम्राज्यवादी चरित्र आदिलाई मध्यनजर गरेर आजको नेपाली समाजको प्रमुख विशेषताहरूलाई संश्लेषण गर्दै एकीकृत जनक्रान्तिको कार्यदिशा थप स्पष्टता र परिमार्जन सहित पारित गरेको छ । जसले संघर्ष गरिएको तर विजयी नभएको नेपाली क्रान्ति



क. रुपेश
ईन्चार्ज, नेपाल कम्युनिस्ट पार्टी,
कास्की

र राष्ट्रिय स्वाधिनताको संघर्षलाई पूर्णता दिनेछ ।

३. वैज्ञानिक समाजवाद : आजको नेपाली क्रान्तिको राजनीतिक कार्यक्रम वैज्ञानिक समाजवाद निर्धारण गर्नु वस्तुवादी र वैज्ञानिक हुने निष्कर्ष पार्टीको महाधिवेशनले निकालेको छ । नेपाली समाजको आजको अर्थ राजनीतिक विश्लेषणबाट यो मान्न सकिन्छ कि नेपाली समाजमा प्रशस्त सामन्तवादका अवशेषसहित पुँजीवाद प्रधान रहेको समाज हो। नेपालको आर्थिक एवम् राजनैतिक चरित्र दलाल पूजीवादी र नवऔपनिवेशिक उत्पीडनमा ब्यक्त भएपछी स्वत सामन्तवादको स्थान दलाल पूजीवादका राजनीतिक प्रतिनिधिले लिन पुगेको छ । आज विश्वमा निगम पूजीवादी चरित्र सहित साम्राज्यवाद उत्तर साम्राज्यवादको रुपमा फेरिएको छ । भने नेपालमा यातायात, सञ्चार, आधुनिक साधनस्रोतको प्रयोग, विश्व श्रमबजारमा सस्तो श्रम निर्यात, प्राविधिक एवं नगर समाजको विकास, मध्यमवर्गको संख्यामा वृद्धि आदि विशेषतहरूसहित आर्थिक उत्पीडनको केन्द्रमा सामन्तवाद नरहेर त्यसको स्थानमा दलाल पुँजीवाद आईपुगेको छ । त्यसैले पुँजीवादको विकल्प नयाँ जनवाद नभएर वैज्ञानिक समाजवादले मात्र पुँजीवादको दुष्चक्र र उत्पीडनबाट मुक्त गराउँछ भने अर्कोतिर पुँजीवादी व्यवस्था र समाजवादी व्यवस्था नै प्रतिष्पर्धाको दुई ध्रुव भएकाले पुँजीवादी ब्यवस्थाको विकल्पको रणनीतिक कार्यक्रम वैज्ञानिक समाजवाद दिदा चिनियाँ क्रान्तिले पुँजीवाद हुँदै समाजवाद जाने यात्रामा बेहोरिएको प्रतिक्रान्तिको समस्या पनि एकहदसम्म समाधान गर्न सकिनेछ । यहाँ यो भ्रममा भने रहनु हुदैन कि नेपालमा जनवादी क्रान्ति सम्पन्न भने भएको छैन बरु सामन्तादको भन्दा चरम शोषण र उत्पीडन यो दलाल पूजीवादी व्यवस्थामा देखा परेका छन् । नेपालको सन्दर्भमा नेपाली काँग्रेसका नेता विश्वेश्वर प्रसादले कम्युनिस्ट प्रभावको भयले आफ्नो नारामा समाजवाद जोड्न भ्याएका थिए भने हामी कम्युनिस्ट आफ्नो मूल कार्यक्रम वैज्ञानिक समाजवाद दिन हिच्किचाहट किन गर्ने भन्ने सोँचाई सहित शान्ति, समानता, राष्ट्रिय स्वाधिनता र सम्वृद्धिको नेतृत्व गर्न सकिने संश्लेषण पार्टी महाधिवेशनको रहेको छ । जसले नेपालमा विगतदेखि असफल दलाल संसदीय ब्यवस्थाको विदाई सहित जनताको नयाँ व्यवस्थामा प्रवेश गर्ने विगतदेखिको अधुरो राजनीतिक आकांक्षा समेत पुरा गर्नेछ ।

४. भारतीय शासकवर्ग बारे थप संश्लेषण : नेहरू डक्ट्रिनको सिद्धान्तसम्म उठेर भारतले लद्दाख, काश्मीर, सिक्किम, गोवा लगायतका देश तथा राज्यहरू आफ्नो कब्जामा पारेको छ। भारतीय बिस्तारवाद त्यसैको निरन्तरताका रुपमा निकै टाढा फिजीसम्म कब्जा जमाउन पुग्यो । गोवालाई निल्नेदेखि भुटानमा छद्म शासन नै चलाएको छ । यता नेपालमा सन् १८१५ को सुगौली सन्धि तथा १९५० देखि यताका सबै असमान र अव्यवहारिक सन्धि सम्झौताले भारतीयकरणको प्रभाव आज नवऔपनिवेशिक स्तरमा उठेको छ । । जसको परिणाम नेपालमा राज्यसंयन्त्र राजनीतिक आर्थिक, सैनिक, प्रशासन, साँस्कृतिक र मन्त्रीमण्डल गठन आदिमा भारतले आफ्नो दलाल छनोट गर्ने र सर्वाधिकार जमाउने नयाँ रणनीतिमा उठेको छ । नेताहरूलाई पैसामा किन्ने, दबाब र प्रलोभनमा पारेर नेपालका सबै क्षेत्र कब्जा गर्न पुगेको छ । नेपालका सबै राज्यका संयन्त्रसहित राजनीति समेत भारतीय शासकको नियन्त्रण र निर्देशन भित्र रहेका छन् । यसर्थ आजको भारतीय विस्तारवादको हस्तक्षेप र अतिक्रमण उसको साम्राज्य बिस्तार गर्ने रणनीतिमा उत्रेको छ । त्यसैले भारतीय शासकवर्गको हस्तक्षेपकारी एवम अतिक्रमणको नयाँ आयाम र चरित्रलाई थवाङ महाधिवेशनले भारतीय साम्राज्यवाद सार रहेको विश्लेषण गरेको छ । जसका विरुद्ध स्वाधीनताको मोर्चामा कम्युनिष्ट र देशभक्तको सहकार्य सहित अघि बढ्नुपर्ने निष्कर्ष रहेको छ ।

५. जनदिशाः थवाङ महाधिवेशनले कम्युनिस्ट पार्टीले अपनाउनै पर्ने अति महत्वपूर्ण पक्ष जनदिशालाई नयाँ आवश्यकतामा प्रयोग गरेको छ । यो कार्यभार २०६२ यता विशेषतः माओवादीमा आएको परिवर्तन र वर्ग उत्थानले जनदिशा र जनशैली प्रायः समाप्त हुँदै आएको थियो । ठूला र महँगा पार्टी प्यालेसमा चर्को खर्च गरी चलेको थियो । यसमा यो महाधिवेशनले फड्को नै मारेको छ। हजार बढीको संख्याको मेश खाना र आवास व्यवस्थापन जनताद्वारा गरिएको थियो । व्यवस्थापनमा सकृय जनतामा यो जिम्मेवारी बोझभन्दा अवसरकै रुपमा लिएको पायौं । जनतामा भरपर्ने ,जनतालाई विश्वास गर्ने, जनता र कार्यकर्ताबीचको सम्बन्धजोड्न यो महाधिवेशन सफल रहेको छ । यो जनदिशाको अभ्यासलाई कम्युनिष्ट पार्टीले आगामी दिनमा तलसमम प्रयोग र विकास गर्न थप मेहनत गर्नुपर्दछ ।

६. नयाँ संस्कृतिको प्रारम्भ : लामो समय कम्युनिस्ट आन्दोलनमा निरन्तर क्रियाशील अग्रज नेतृत्वलाई सम्मान एवं संरक्षण गर्ने अभियानको थालनी गरिनुपर्ने निष्कर्ष पार्टी महाधिवेशनबाट निस्किएको छ । आजन्म कम्युनिस्ट पार्टीमा लाग्ने र बुढेसकालमा घर न बास भएर कम्युनिस्ट आन्दोलनलाई नै सराप्नुपर्ने बाध्यता हाल कम्युनिस्ट नेताहरूमा विद्यमान रहेको छ। बुढेसकालमा अरुको बोझ बन्नुपर्ने र अपहेलित बनेर कम्युनिस्ट सिद्धान्त नै गलत भन्न नपरोस् भनेर आजीवन कम्युनिस्ट आन्दोलनमा लागेको ७० वर्षभन्दा माथि उमेरका कम्युनिस्ट नेता तथा कार्यकर्ताहरूलाई खाने बस्नेको उचित व्यवस्थापन गर्नुपर्ने थवाङ महाधिवेशनले निर्णय गरेको छ । लामो समयसम्म कम्युनिस्ट आन्दोलनमा निरन्तर क्रियाशील अग्रज नेतृत्वलाई सम्मान एवं संरक्षण गर्ने अभियानको थालनी क. चित्रबहादुर आलेको आवास निर्माणदेखि संघर्षमा निरन्तर क्रियाशील विभिन्न तहका नेता-कार्यकर्ताहरूलाई पुरस्कृत एवं सम्मान गर्ने निर्णय र प्रयोग भयो भने पार्टी हित र नीति विपरीत आफ्नो स्वार्थमा दखखल पुग्ने बित्तिकै ज्यामितिको स्वयं सिद्ध तथ्य उल्ट्याउने जस्तो गलत अभिव्यक्ति दिंदै अराजकता प्रस्तुत गर्ने र बाटो बिराई बरालिने पार्टी कार्यकर्तालाई दण्डको नयाँ संस्कृतिको प्रयोग गर्न महाधिवेशन सफल देखियो ।

७. जनपरिचालन : ऐतिहासिक २३ औं जनयुद्धदिवसको सन्दर्भ सहित काठमाडौंमा हजार ौंको जनप्रदर्शनसहितको उद्घाटन समारोह र ठूलो जनमानसका बीच थवाङमा समापन समारोह सम्पन्न हुन पुग्यो । जनयुद्धका क्रममा राज्यको पहिलो निशाना बनेका बालक दिलबहादुर रम्तेलले शहादत प्राप्त गरेको दिन फागुन १४ गते पार्टी महाधिवेशनको निर्णय सार्वजनिक गर्न आयोजित घोषणा सभामा उपस्थित हजारौंको संख्यामा रहेका रोल्पाली जनताका माझ जनक्रान्तिका शहीद तथा बेपत्ता परिवारलाई अभिनन्दन सम्मले यो महाधिवेशन विशुद्ध पार्टीका नेता तथा कार्यकर्ताहरूको मात्र बनेन । आम जनताको सकृय सहभागिता, नियन्त्रण, निगरानी र पूर्ण सहयोगमा यस महाधिवेशन जनताकै महाधिवेशन बन्न पुगेको छ ।

८. निर्माण कार्य : निर्माण कार्यको हिसाबले यो महाधिवेशनले नयाँ फड्को मारेको छ । जनताको तागतमा पार्टीले नेतृत्व प्रदान गरेर विगतमा जसरी आधार क्षेत्रमा शहीदमार्ग लगायत दर्जनौं निर्माण कार्य भएका थिए । करीब एक दशक यता यो अभियान शुन्यप्रायः बनेको अवस्थामा यो महाधिवेशनले आफ्नै पहलकदमीमा स्थायी सहिदस्मृति सभाहल निर्माण गरी कार्यक्रम समेत सम्पन्न भयो भने निर्माण कार्यको जनपरिचालन र स्वपहलको योजना कार्यान्वयन, एवम् सफलताको स्तरमा उठाउन सकिने अनुभवसहित कम्युनिस्ट पार्टी ध्वंश विरोधी मात्र होइन कि जनआधारित निर्माण गर्न समेत सक्षम छ भन्ने आधार पेश गर्न सफल भएको छ ।

# स्थानीय निर्वाचनविरुद्ध स्रष्टा




धरान/ दलालविरुद्ध एकीकृत जनक्रान्तिका माध्यमबाट लडाइँ लड्न अहिले आवश्यक रहेको नेपाल कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य एवम् शिक्षा, साहित्य तथा संस्कृति विभाग प्रमुख राप्तीले बताएका छन् ।

उनले चैत्र २० गते कञ्चनपुरबाट सुरु भएको देशव्यापी राष्ट्रिय स्वाधिनता एवम् समसामायिक सन्दर्भमा कवितावाचन अभियानअन्तर्गत धरानमा सम्बोधन गर्दै सो कुरा बताएका हुन् । वैशाख ९ गते सम्पन्न कार्यक्रममा उनले प्रचण्ड संसदवादी भएर मात्र अहिलेसम्म टिकन सकेको समेत बताएका छन् । त्यसैगरी अखिल नेपालजनसांस्कृतिकमहासङ्घका केन्द्रीय महासचिव एवम् संगठन विभाग प्रमुख खेम थपलियाले देशलाई दलाल संसदवादीहरूले जर्जर अवस्थामा पुऱ्याएको बताएका छन् । उनले यतिबेला दुश्मनले सिमानाका जंगेपिलर उखेलेर दौडिरहँदा देशभक्त नेपालीहरू, कवि, साहित्यकार, संस्कृतिकर्मीहरूले सिरक ओडेर सुत्न नमिल्ने बताएका छन् । सोहीक्रमम नेपाल कम्युनिष्ट पार्टीका कोशी ब्युरो सदस्यएवम् सुनसरी सेक्रेटरी युगेनले अहिलेको नेपाली जनताको प्रमुख दुश्मन दलाल पुँजीवाद र दलाल संसदीय व्यवस्था भएको बताएका छन् । उनले जनताको समृद्धिका लागि एकीकृत जनक्रान्तिको माध्यमबाट लड्न आवश्यक रहेको बताएका छन् ।

महेन्द्र बहुमुखीक्यापसको सभाकक्षमा सम्पन्न कवितावाचन कार्यक्रममा साहित्य अनुसन्धान परिषद् नेपालका अध्यक्ष केशव वाग्ले, कवि बम देवान, इटहरीका कवि खेमरा जशर्मा, मोती संस्मरण समितिकाअध्यक्ष गोविन्द तिम्सिना, खेमराज खनाल, प्रगतिशील लेखक सङ्घ केन्द्रीय पार्षद् केशवकुमार सुनाम, अखिल नेपाल जनसंस्कृतिकमहासङ्घ कोशी व्युरो सदस्य डम्बर विके, अखिल नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सदस्य एवम् कवि प्रेमगंगा गिरी 'सहास' र भक्ति दाहालले कवितावाचन गरेका थिए। पेमा लामा, दलित साहित्यकारमञ्च नेपालका कोषाध्यक्ष सकुन्तला भुसाल, अमर प्रतिभा समूह अमरहाटका अध्यक्ष मनि राई 'गोठाले', कवि खगेन्द्र पराजुली, प्रगतिशील लेखक सङ्घ सुनसरी शाखा सदस्य हर्कराज चर्मकार, कवि डिडिलिन आङबुहाङ, कवि सन्तु राई, मनकुमार लिम्बू लगायतले प्रगतिशील देशभक्त र वर्तमानदलाल संसदीय व्यवस्थाको कर्तुत खोल्ने किसिमका कविता वाचन गरेको थिए । उक्त कार्यक्रममा केशव वाग्ले र केशवकुमार सुनामलाई निरन्तर कम्युनिष्ट विचार र आन्दोलनप्रति निष्ठावान व्यक्तित्वको रुपमा रातो अविर र दोसल्ला ओढाएर सम्मान गरिएको थियो। त्यसैगरी निरन्तर प्रगतिशील कविता रचना गरेर समाज रुपान्तरणमा भूमिका खेल्ने कविहरू खेमराजशर्मा र बम देवानलाई पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्यनुलम राई, बेपत्ता योद्धा परिवार समाज नेपालका केन्द्रीय सचिवनवराज ढुङ्गाना, युवा जनस्वयमसेवकका कोशी ब्यूरो संयोजक देव गुरुङ, अनेम संघ क्रान्तिकारी कोशी ब्यूरो संयोजक मनु अछामी, सुखानी संस्कृतिक परिवार संयोजक जमुना श्रेष्ठ, नेपाल पत्रकार महासंघ केन्द्रीय पार्षद् मनिता चाम्लिङ राई, नेपाल पत्रकार महासंघ प्रदेश पार्षद् गोपाल कामत, अखिल (क्रान्तिकारी) का नवराज भट्टराई, लांघाली सामुदायिक वन उपभोक्ता समूहका सदस्य अमृत लिम्बू, अखिल(क्रान्तिकारी) सुनसरी अध्यक्ष पुष्प न्यौपाने, अखिल नेपाल क्रान्तिकारी भूमिहीन संघका सुनसरी अध्यक्ष मोहन कार्की, मिजार सेवा समाज धरानका अध्यक्ष धनबहादुर हमाल, दलित मुक्ति मोर्चा सुनसरी सदस्य दुर्गा शंकरलगायतको उपस्थिति रहेको थियो । अखिल नेपाल जनसांस्कृतिकम हासङ्घका केन्द्रीय सदस्य एवम् मेची-कोशी ब्यूरो इन्चार्ज लम्जेल सङ्घर्षशीलले सञ्चालन गरेको कार्यक्रममा ६ दर्जन विभिन्न संघ-संगठनमा आवद्ध व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा नेकपाको स्थापना दिवस, महान् लेनिनको १४७ औं जयन्ती तथा अक्टोबर क्रान्तिको शतवार्षिकीको सन्दर्भमा पनि विशद् चर्चा भएको थियो ।

## कवितावाचन अभियान झापामा

बिर्तामोड/शिक्षा, साहित्य तथा संस्कृति विभागद्वारा आयोजित 'राष्ट्रिय स्वाधीनता एवम समसामयिक सन्दर्भमा कवितावाचन अभियान' अन्तर्गत भेटघाट चौतारी, मुक्तिचोक, बिर्तामोड, झापामा आयोजित कवितावाचन कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ । विभागका प्रमुख आरपी तिमिल्सिनाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमा सुनसिंह, तेजप्रसाद तिवारी, हरिभक्त संग्रौला, रोजन्द्र संग्रौला, सुमित्रा बाइदेल, भवानी क्षेत्रीलिगायत एक दर्जन स्रष्टाहरूले करिब डेडदर्जन सिर्जना वाचन गरेका थिए ।

चैत २० गते कञ्चनपुरको महेन्द्रनगरबाट सुरु भएको उक्त कार्यक्रम झपा आइपुगेको हो । कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टी, मेची ब्युरो इन्चार्ज क. सुमन, खेम थपलिया, भवानी क्षेत्री, सुमित्रा बाइदेल, उमेश थापा, कमरेड तारा, लम्जेल संघर्षशील, रोजेन्द्र संग्रौलालगायत अतिथि हुनुहुन्थ्यो ।

कार्यक्रममा मेची ब्युरो प्रमुख क. सुमनले समसामयिक विषयमा गहन मन्तव्य दिनुभएको थियो । कार्यक्रामा वाचित सबै रचनाहरूले वर्तमान नेपालको राजनीतिक अवस्थाप्रति तीव्र असन्तोष व्यक्त गर्दै कथित स्थानीय निर्वाचनले देश र जनताका पक्षमा केही पनि काम नगर्ने भएकोले वैज्ञानिक समाजवादको स्थपनाका लागि एकजुट हुनुपर्ने भाव व्यक्त गरका थिए ।

# इतिहासको पदचिन्हमा

**थुप्रै बाधा-व्यवधानहरू हुँदा हुँदै पनि प्राचीन रेशम मार्ग सँगसँगैको प्रस्तावित आर्थिक क्षेत्रले क्षेत्रीय अर्थतन्त्रलाई माथि उठाउने लक्ष्य राख्छ।**

चऊ स्याओयान

रेशम मार्गको यथार्थ वर्णनले चीनको पश्चिमी क्षेत्रको लाभदायक विगतको झल्याँस्स स्मरण गराउँछ । विगतमा असंख्य परिश्रमी र साहसी व्यापारीहरूले ऊँटलाई रेशम, सुन्दर चिनियाँ माटाका भाँडाकुँडाहरू र चिया बोकाएर लाने गर्थे। त्यो प्राचीन रेशम मार्ग पश्चिमी चीनबाट भूमध्य सागरसम्म हजारौं हजार किलोमिटर लामो थियो। त्यसले मध्य एशिया र युरोपलाई पनि जोड्थ्यो।

विश्व प्रसिद्ध व्यापार मार्गको आधुनिक रुपान्तरण गर्ने प्रस्ताव चीनले अघि सारेपछि अहिले ती गौरवपूर्ण दिनहरूलाई फर्काउने योजनाहरू संघारमा छन्।

सन २०१३ सेप्टेम्बरमा कजाखस्तानको नाजारबायेभ विश्वविद्यालयमा दिइएको मन्तव्यमा चिनियाँ राष्ट्रपति सि जिङ पिङले चीन र युरेसियाली मुलुकहरूबीच राजनैतिक र आर्थिक सम्बन्धलाई नयाँ उचाईमा पुऱ्याउने उद्देश्यले २ हजार वर्षभन्दा पुरानो रेशम मार्गजस्तै 'रेशम मार्ग आर्थिक क्षेत्र' स्थापना गर्ने प्रस्ताव राख्नुभयो। युरेसियाली देशान्तर आयोजनाले ३ अरबभन्दा बढी जनसंख्यालाई लक्षित गर्छ र अतुलनीय सम्भावना रहेको विश्वमै एकमात्र सबैभन्दा ठूलो बजारको प्रतिनिधित्व गर्छ।

चीनको सर्वोच्च व्यवस्थापिका अङ्ग १२ औं राष्ट्रिय जनप्रतिनिधि सभाको दोस्रो बैठकमा सरकारको प्रतिवेदनमा चिनियाँ प्रधानमन्त्री लि खछ्याङले रेशम मार्ग आर्थिक क्षेत्र स्थापना कार्यलाई चिनियाँ सरकारले अघि बढाउने छ भनी उल्लेख गर्नुभयो।

राष्ट्रिय जनप्रतिनिधिसभाको वार्षिक बैठकको बेला सिनचियाङ उइगुर स्वशासित क्षेत्रका पार्टी प्रमुख चाङ छुनसियनले केन्द्रीय सरकारको प्रस्ताव आर्थिक क्षेत्र स्थापना गर्ने नीतिहरूलाई कार्यान्वयन गरिने बताए।

प्राचीन मार्गको नवीकरण

त्यस आर्थिक क्षेत्रले चीनको विकासशील पश्चिमी क्षेत्रलाई निकै फाइदा पुऱ्याउनेछ । त्यस क्षेत्रमा यथेष्ट मात्रामा ऊर्जा र खनिज स्रोतहरू छन्।

पश्चिम चीनको सम्भाव्यतालाई विस्तार गर्न १९९० को दशकमा केन्द्रीय सरकारले 'पश्चिममा जाने रणनीति' प्रक्षेपन गऱ्यो । अहिले, 'पश्चिममा जाने रणनीति' रेशम मार्ग आर्थिक क्षेत्र अगुवाईको अवधारणाअनुसार चारैतिर फैलिइको छ । विश्लेषकहरू के भन्छन् भने यस स्थान परिवर्तनले ' पश्चिममा जाने रणनीति'लाई प्रवर्द्धन गर्नेछ, देशका पूर्वी, मध्य र पश्चिमी क्षेत्रहरूको सामञ्जस्यपूर्ण विकासलाई तीव्र पार्नेछ र अन्तरदेशीय शहरहरूको खुलापनलाई अघि बढाउनेछ।

कजाखस्तानस्थित चिनियाँ राजदूतावासका काउन्सिलर सुन वेइतोङले आर्थिक क्षेत्र पश्चिममा जाने रणनीतिको एउटा अद्यावधिक वृत्तान्त हुने बताए। त्यसदेखि बाहेक, सरकारले के अपेक्षा गरेको छ भने त्यस परियोजनाले युरेसियाली मुलुकहरूको लागि पश्चिम चीन खुला गर्नेछ र तटवर्ती क्षेत्रमा असन्तुलित विकासलाई सच्याइनेछ।

गान्सु प्रदेशस्थित लानचऊमा अवस्थित उत्तरपूर्वी विश्वविद्यालयको प्राज्ञिक समितिका उपनिर्देशक पाइ योङसिउले प्रस्तावित आर्थिक क्षेत्रको आर्थिक र राष्ट्रिय सुरक्षा मामलामा अत्यावश्यक सार्थकता रहेको बताए।

उनले भने "चीनको सुरक्षा पश्चिम क्षेत्रमा रहेको छ साथै ऊर्जा, खनिज स्रोत र चीनको अधिकांश भूमि स्रोतहरू पश्चिमी क्षेत्रमै छन्। तीव्र विकासको दशकौंपछि पूर्वी क्षेत्रमा सीमित मात्र सम्भावना बाँकी छ भने पश्चिमी क्षेत्रमा विकासको सम्भावना प्रचुर मात्रामा छ।"

मध्य एशियाली मुलुकहरूसँग चीनको व्यापार सम्बन्ध सुदृढ गर्नु नै अगुवाईको अर्को कारण हो।

वाणिज्य मन्त्रालयको तथ्याङ्क अनुसार चीन र कजाकिस्तान, उज्वेकिस्तान, ताजिकिस्तान र किर्गिस्तानलगायत मध्य एशियाली मुलुकहरू माझको व्यापार सन् २०१२ मा ४६ अरब डलर पुग्यो । वर्षैपिच्छे १३.७ प्रतिशतका दरले बढ्यो र दुई पक्षबीच पहिलोपटक कूटनैतिक सम्बन्ध स्थापना हुँदा भन्दा व्यापारको परिणाम झन्डै १०० गुणा बढ्यो।

ऊर्जा व्यापारले चीन र मध्य एशियाली मुलुकहरूबीचको व्यापार परिणाम राशीको हिसाब किताब राखेको छ।

सिआन नगर विकास र सुधार आयोगका निर्देशक लि यिङचिए भन्छन् - "मध्य एशियाली मुलुकहरूमा प्राकृतिक ग्यास र पेट्रोलियम स्रोतहरू यथेष्ट छन् र चीनमा प्राकृतिक ग्यास र पेट्रोलको ठूलो माग छ। यस्तो आर्थिक क्षेत्र स्थापना गर्ने प्रस्ताव भने ठूलो परिणाममा चीनको ऊर्जा आपुर्तीको सुरक्षा हो।

सिनचियाङ विश्वविद्यालयको आर्थिक अनुसन्धान केन्द्रका निर्देशक ह लुनर्च्लले भने - "२१औं शताब्दिमा ऊर्जा स्रोतको आधारको रुपमा चिनिएको मध्य एशियामा प्रशस्त मात्रामा प्राकृतिक स्रोतहरू छन्।"

उनले भने - "तेल निर्यात गर्न चीनले आफ्ना मार्ग र स्रोतहरूलाई विस्तार गर्न आवश्यक छ। किनभने निर्यात गरिएको तेलले सन् २०२० सम्ममा घरेलु खपत ७५ प्रतिशत भएको अभिलेख राख्नेछ। 'नयाँ रेशम मार्ग' मा पर्ने देशहरूले त्यस क्षेत्रमा स्थिरता कायम राख्न एकआपसमा मिलेर काम गर्नुपर्छ र पृथकतावादी, उग्रवादी र आतंकवादी शक्तिहरूसँग जुध्न चीनलाई मद्दत गर्नुपर्छ।"

सार्वजनिक सुरक्षा मन्त्रालय अन्तर्गत सिमाना नियन्त्रण विभागका निर्देशक उ तोङ्गलिले युरेसियाली मुलुकहरूँ.सँगको बलियो व्यापार सम्बन्धले आतंकवादसँग जुध्न चीनलाई सहयोग पुग्ने कुरा बताउँछन्।

त्यसैगरी उनी के भन्छन् भने आजभोली चीनमा आतंकवादी गतिविधि अझ बढी व्यापक भएको र त्यसले जतामा डर त्रास फैलाएको र राज्य सुरक्षालाई खतरामा पारेको छ। उनले भने, "चीनलाई आतङ्कवादविरुद्ध लड्न अन्तर्राष्ट्रिय आपसी सहयोगलाई सुदृढ बनाउनु आवश्यक छ। त्यस क्षेत्रमा अझ सुदृढ व्यापार र सांस्कृतिक सम्बन्धले ती उद्देश्यहरूलाई निकै ठूलो मात्रामा फाइदा पुऱ्याउनेछ।"

चर्को प्रतिस्पर्धा

चीनको केन्द्रीय सरकारले प्रस्तावित आर्थिक क्षेत्रमा सहायता गर्ने विशिष्ट नीति र विस्तारमा मार्गनिर्देशन प्रकाशित गरेको छैन। त्यसो भए तापनि प्रस्तावित आर्थिक क्षेत्रका सहरहरू त गतिविधिको एउटा एउटा हिस्सा आ-आफ्नो हातमा पार्न चर्को प्रतिस्पर्धामा छन्।

उत्तरपश्चिम चीनको शान्सी प्रान्तका गभर्नर लउ छिनचियनले पश्चिमी क्षेत्रलाई खुला गर्ने यो चरणलाई शान्सीले अगुवाई गर्नुपर्छ भनी बताए।

शान्सीको राजधानी सिआनका नगर प्रमुख तोङ्ग च्युनले उक्त सहर व्यापार र सांस्कृतिक सञ्चारको केन्द्रको आफ्नो स्थान प्राप्त गर्न तत्पर भएको कुरा बताए। सिआन त प्राचीन 'रेशम मार्ग' को प्रारम्भिक सुरुवात विन्दु हो।

उत्तर पश्चिम चीनको निङ्गसिया हुई स्वशासित क्षेत्रका अध्यक्ष लिउ हुले त्यस क्षेत्रको ठूलो मुस्लिम जनसंख्याले मध्य एशियाका केही देशहरूसँग सांस्कृतिक सम्बन्ध आदान प्रदान हुने यथार्थलाई अर्थ्याउँछ भनी तर्क राख्छिन्। लिउले त्यस क्षेत्रले हाल खाद्यान्न उद्योग अझ गहिरो अन्तर्राष्ट्रिय आपसी सहयोग खोजिरहेको बताइन्।

चीनको उत्तर पश्चिम क्षेत्रका छिङहाई प्रान्तको उप गभर्नर वाङ सियाओले छिङहाई प्रान्तले आफूलाई हरियो मार्गको रुपमा स्थापित गर्ने दावा गर्दै हरियो मार्ग भनेको त्यस प्रस्तावित आर्थिक क्षेत्रको रणनीतिक आधार र महत्वपूर्ण विसौनी भएको कुरा बताए।

वाङ्ग भन्छन् "यो त छिङ्गहाईको लागि अत्यावश्यक विकासको अवसर हो । छिङ्गहाई प्रान्त १ अर्ब जनतासँग अथवा बौद्ध संस्कृतिसँग सम्बन्धित दक्षिणपूर्वी एशियाली जनसंख्यासँग घुलमिल भएको र मुस्लिम संस्कृतिसँग सम्बन्धित मध्यपूर्व र मध्य एशियासँग जोडिएको छ । यी दुई भिन्न संस्कृतिको मिलनबिन्दु हो र यसले ती क्षेत्रहरूसँग जोड्ने चीनको स्प्रिङबोर्डको रुपमा कार्य गर्न सक्नेछ।' छिङलाई प्रान्तले 'रेशम मार्ग आर्थिक क्षेत्र' सँग जोडिएका मुलुकहरूसँग सर्वपक्षीय बैठक स्थापना र तुर्कमेनिस्तान र नेपाल विशाल बजार निर्माण गर्ने योजना बनाएको छ।

दक्षिण पश्चिम चीनको छोङछिङ नगरपालिकाका नगरप्रमुख ह्वाङ छिफानले त्यो नगर नयाँ रेशम मार्गको प्रारम्भ स्थान भएर धेरै फाइदा भएको बताए।

ह्वाङले भने "अति उत्तम भौगोलिक अवस्थिति भएको हुनाले छोङछिङले सुविधाजनक मोटरबाटो, रेलमार्ग, जल र हवाई यातायातको उपयोग गर्दै आएको छ । त्यस आर्थिक क्षेत्रमा अगुवाई गर्ने कार्यमा छोङछिङ एक पाइला अगाडि छ।"

यसले सन् २०११ देखि अन्तर युरेसियाली रेलमार्गको जालो हुँदै युरोपमा मालसामान जहाजमा राखेर निर्यात गर्दै आएको छ।

उत्तर-पश्चिम क्षेत्र कान्सु प्रान्त 'रेशम मार्ग आर्थिक क्षेत्र' को लागि तयारी हुँदैछ। त्यसदेखि बाहेक त्यस आर्थिक क्षेत्रले त्यहाँ सम्भावित व्यापारिक लाभहरू ल्याउनेछ । त्यसो भएर गान्सु प्रान्त सांस्कृतिक क्षेत्रमा एक अगुवा (प्रान्त) बन्न उत्सुक छ।

चिनियाँ कम्युनिस्ट पार्टीको कान्सु प्रान्तीय समितिको प्रचार विभागका निर्देशक लिएन चि के भन्छन् भने अन्ततः कान्सुले तुनह्वाङमा स्थायी अन्तर्राष्ट्रिय सांस्कृतिक प्रदर्शनको प्रक्षेपण आयोजना गर्न आवेदन दिंदैछ । तुनह्वाङ राम्ररी संरक्षण गरिएका गुफा र भित्तेचित्रहरूको लागि प्रख्यात छ।

लिएनले भने, "त्यस प्रदर्शनले रेशम मार्गमा परेका देशहरूलाई (त्यसमा) सहभागी हुन निम्तो दिनेछ र हामी के आशा गर्छौं भने केन्द्रीय सरकार र सम्बद्ध मन्त्रीहरूले छिट्टै नै त्यस प्रस्तावलाई स्वीकृति प्रदान गर्नेछन्।"

सिनचियाङले चिनियाँ सिमानामा युरेसियाको स्थल सेतुको सुदूर पश्चिमी भेगको केन्द्र बन्न प्रयास गरिरहेको छ । त्यसको लागि यसले आफू त्यस क्षेत्रको यातायात, वित्त र व्यवहारिक संगठनात्मक केन्द्र हुनलाई नयाँ रेशम मार्गमा पर्ने आफ्नो भौगोलिक अवस्थितिबाट लाभ उठाउन कुनै कसुर बाँकी राख्नेछैन।

सन् २०१० मा सिनचियाको काशगरमा विशेष आर्थिक क्षेत्र स्थापना भयो । त्यसले त्यस क्षेत्र र पाकिस्तान र काजाखस्तान लगायत छिमेकी मुलुकहरूको व्यापारिक केन्द्रको रुपमा कार्य गऱ्यो। त्यस क्षेत्रमा एउटा जुम्ल्याहा गगनचुम्बी पाँचतारे होटल र करमुक्त बजार क्षेत्र निर्माण हुँदैछ।

सन् २०१२ मा सिन्चियाङको होरगोसमा स्वतन्त्र व्यापार क्षेत्र स्थापना भयो । होरगोस चीन-कजाखस्तान सिमानामा पर्छ। यसले चिनियाँ कम्पनी र यात्रुहरूको लागि करमुक्त किनमेल गर्न अन्तर सीमा व्यापारमा शुल्क छुटको व्यवस्था गर्छ।

गतिरोध

प्रस्तावित आर्थिक क्षेत्रको प्रमुख चुनौति भनेको त्यस आर्थिक क्षेत्रमा पर्ने चिनियाँ सहरहरू विकासशील छन् । पूर्वाधार निर्माणबारे ती सहरहरूलाई ठूलो परिमाणमा विद्युत, सूचना प्रविधि आदिको आवश्यकता हुन्छ।

कान्सुस्थित लानचाउ विश्वविद्यालयको मध्य एशिया अध्ययन संस्थानका निर्देशक याङ शुले भने, "यी क्षेत्रहरू अल्पविकसित छन् र जनघनत्व पनि धेरै कम छ। पूर्ण आर्थिक क्षेत्र निर्माण गर्न लामो अवधिसाँ र ठूलो परिमाणमा लगानीको आवश्यकता छ।"

याङले भने, "यी क्षेत्रहरूको अवस्थामा परिवर्तन ल्याउन कमसेकम केही दशक लाग्नेछ। यो समस्याको छिटो समाधान नै छैन।"

याङले भने, 'रेशम मार्गमा पर्ने सबै क्षेत्रहरू त्यस प्रस्तावबाट निकै नै खुशी छन् ।किनभने तिनीहरू सम्भव भएसम्म बढी सरकारी अनुदान प्राप्त गर्न चाहन्छन् । ती मध्ये केहीले विल्कुलै व्यवहारिक विचार पनि अघि सार्छन्। यसलाई रोक्नुपर्छ।'

कान्सु प्रान्तीय पार्टी विद्यालयअन्तर्गतको आर्थिक र सामाजिक विकास अनुसन्धान संस्थाका निर्देशक लि हानलीनले के भनेका छन् भने सम्बन्धित क्षेत्रहरूमध्ये केही क्षेत्रहरू आवश्यकताभन्दा बढी आशावादी र 'सम्भावित चुनौतिहरू' को अवसर अल्पअनुमान गर्छन्।

उनले भने, 'हरेक व्यक्ति नाफा प्राप्त गर्न चाहन्छ तर तिनीहरूलाई कसरी नाफा कमाउने र त्यसलाई कसरी सदुपयोग गर्ने भन्ने कुरा थाहा छैन। तिनीहरूमध्ये कोही कोहीले त पूरा गर्न झण्डै झण्डै असम्भव लक्ष्यहरू राख्छन्।'

छिङहाईको उपगभर्नर वाङ्याङले सम्भव भएसम्म छिटो चीनले आर्थिक र व्यापार समुदाय निर्माण गर्नुपर्छ र त्यस समुदायले चीनको अन्तर ाष्ट्रिय सन्धी सम्झौताको सामर्थ्य र देशभित्र विवेकपूर्ण औद्योगिक विभाजन निर्माणमा निकै नै सघाउ पुऱ्याउन सक्छ भन्ने कुरा बताए।

वाङ याङले भने 'यस्तो आर्थिक स्थापना सारमा भन्नुपर्दा सहरहरूबीचको आपसी सहयोग हो। अझ राम्रो आपसी सहयोग पूरा हुने गरी ती सहरहरूबीचको प्रतिस्पर्धालाई सुधार्नुपर्छ। ठीक अहिले, ती सहरहरू छरिएर रहेका हिराहरूजस्तै भएका छन्। तिनीहरूबाट टलटल टल्केको हार माला बनाउन एउटा डोरी वा धागोको आवश्यकता हुन्छ।'

'चिनियाँ अन्तर्राष्ट्रिय अध्ययन संस्था' को अनुसन्धान सदस्य छन् युरोङले क्षेत्रीय स्थिरता नै आर्थिक विकासको मुख्य साँचो हो भने।

धार्मिक उग्रवाद, आतंकवाद र लागु पदार्थका विषयहरू नै मध्य एसियाले सामना गरिरहेका प्रमुख चुनौतिहरू हुन् र पश्चिमी एसिया र उत्तरी अफ्रिकामा भइरहेका राजनीतिक उतारचढावले युरेसियाली महादेशको स्थिर आधारलाई असर पार्दैछ, उनले भने।

छनूले भने, 'मध्य एसियाको गम्भीर सुरक्षाको अवस्था, जटिल राजनैतिक आर्थिक अवस्था अनि यस क्षेत्रमा प्रमुख शक्तिहरूबीच आ-आफ्नो प्रभुत्व कायम गर्न हुने प्रतिस्पर्धाको कारण यस्तो किसिमको आर्थिक क्षेत्र निर्माण कष्ठसाध्य लामो अवधिको कार्य भएको छ।'

प्राचीन रेशम मार्ग

रेशम मार्ग वा रेशम पथ भनेको व्यापार र सांस्कृतिक स्थानान्तरण पथहरूको श्रृङ्खला हो। यी पथहरूको श्रृङ्खला त एशियाली महादेशका विभिन्न क्षेत्रमा आर्थिक र सांस्कृतिक अन्तरक्रियाको केन्द्र थियो । यसले विभिन्न समयावधिमा अन्तर ाष्ट्रिय व्यापार, व्यापारी, तीर्थयात्री, भिक्षु र सैनिक जवानहरूको सामेल भएको चीन देखि भूमध्य सागरसम्म पश्चिम र पूर्वलाई जोडेको थियो।


७ हजार किलोमिटरसम्म फैलिएको (लामो) रेशम मार्गले आफ्नो नाम चिनियाँ रेशमको लाभप्रद व्यापारबाट सुरु गरेको हो। आफ्नो लम्बाईबाट नै यसले आफ्नो कार्य पूरा गऱ्यो।

२१ सय वर्षभन्दा पहिले नै हान वंशका चाङ छिन झन्डै (१६४-११४ ई.पू.) ले त्यस व्यापार मार्गलाई मध्य एशियासम्म फैलाएका थिए । त्यसबेलादेखि रेशम, चिया र चिनियाँ माटाका भाँडाकुँडाहरूलगायत सरसामानहरू छाङ आनबाट आजभोलीको शान्सी प्रान्तको राजधानी सिआन त्यस रेशम मार्ग हुँदै मध्य एशिया, पश्चिम एशिया र युरोपसम्म पुऱ्याइन्थे र त्यहाँका विभिन्न गन्तव्यहरूबाट मालसामानहरू चीनमा ल्याइन्थे।

रेशम मार्गबाट हुने अन्तर्राष्ट्रिय व्यापार त चीन, भारतीय उपमहादेश, पर्सिया, युरोप र अरबियाली सभ्यताहरूको विकासमा एउटा सार्थक तत्व थियो। यसले ती सभ्यताहरूबीच लामो दूरीको राजनीतिक र आर्थिक अन्तरक्रियाको उद्घाटन गऱ्यो । रेशम निश्चित रुपले चीनको मुख्य व्यापारिक वस्तु भए तापनि अन्य धेरै थरिका मालसामानहरूको व्यापार हुन्थ्यो र विभिन्न प्रविधि, धर्म र दर्शनहरूको आदान प्रदान हुन्थ्यो । अन्तर्राष्ट्रिय आर्थिक व्यापार बाहेक रेशम मार्गले एकआपसमा भेट र वार्ता गर्ने व्यवस्थाका सभ्यताहरूबीच सांस्कृतिक व्यापारले साधनको रुपमा काम गऱ्यो।

थाङ वंश ६१८-९०७ इ.सं. पछि चीनको राजनीतिक केन्द्र उत्तरी भागमा सऱ्यो र यसले आर्थिक केन्द्र पूर्वी समुद्री तट र दक्षिणी क्षेत्रमा सऱ्यो । मालसामान लान र ल्याउन समुद्री मार्ग नै मुख्य छनोटमा पऱ्यो र त्यसपछि विस्तारै विस्तारै रेशम मार्गको चल्ती हराउँदै गयो।

Vol 57 No.13 March 27, 2014




नेपाल कम्युनिस्ट पार्टी, केन्द्रीय प्रकाशन विभागद्वारा नयाँ वर्ष २०७४ सालको भित्तेपात्रो प्रकाशित भएको छ ।

आफ्नोप्रति सुरक्षित गर्नुहोस् ।





# bZdgsf]3/f tf8bf ===

एच.पी. हिमाली

२०५८ असार २१, सधैं झैं उषाको रविले मालिका पर्वतमा उभिएर बाजुरा कारागारको झ्यालबाट चिहायो । लालीमायुक्त ओठहरूले आस्थाका बन्दीहरूलाई चुम्बन गऱ्यो र मेरो कानमा मुक्तिको साउती गऱ्यो । आस्थाका छापामारहरूले नौमूले, रुकुमकोट र डोल्पा सदरमुकाम कब्जा गरिसकेका थिए । ती धमाकाहरूले मालिका र ढल्कनेतिर उज्यालो देखिन्थ्यो र मक्किएको चार पर्खाल ९ रेक्टर स्केलको भूकम्पले झैं थर्किरहेको थियो ।

६ बजे बिहान कारावासको ढोका खुल्यो । मानौं हामी भेडा हौं र गोठालो आएर ताल्चा खोलिदियो । हामी बाहिर निस्क्यौं र चारपर्खालबाट चारैतिर नजर घुमायौं । साथी मनबहादुर बम, चन सार्की र म आस्थाका बन्दीहरू थियौं र विभिन्न मुद्दामा कैदी बनाइएका अरुहरू पनि माओवादी पार्टीका दह्रा समर्थक भइसकेका थिए । हामी गहिरो वर्गीय नातामा गाँसिएका थियौं ।

१० बजे मूलगेट खुल्यो । प्रहरी हवल्दार आएर भने सर, आज अदालतमा पेसी रहेछ, तयार हुनुहोस् । जानुपर्ने भयो । कम्तीमा पेसीको कुरा आज एक्कासी आयो । कमरेड मनबहादुर बम र मैले अलि राम्रो लुगा लगायौं । 'रिहाइको खबर सुन्न पाइयोस्'- सबै बन्दीहरूले शुभकामना दिए । 'धन्यवाद'-हामी पर्खाल बाहिर निस्कँदा लगाइने हत्कडी नामक गहनाले सजिएर अघि बढ्यौं । हामीलाई हत्कडी लगाएर पनि बाजुराको मार्तडी प्रशासन आतंकित हुन्थ्यो । जनता झुम्मिएर हामीलाई हेर्न गल्ली र बाटामा पर्खिरहेको हुन्थे, प्रहरी भने तिनलाई हटाउने गर्थ्यो ।

माथि आस्थाको प्रतीक मालिका पहाड अटल भएर हाम्रो पहरा दिइरहेको थियो र तल बुढीगंगा द्वन्द्वात्मक भौतिकवादी गतिको नमूना बनेर निरन्तर बगिरहेको थियो । हामी अदालतमा हाजिर भयौं । न्यायाधिश राजेश काफ्ले इजलाशमा थिए । हाम्रो पक्षका वकिल कर्ण थापा थिए । सरकारी वकिलले अझै काराबासमा थुन्न समय बढाउने कोशिस गरे र हाम्रो पक्षका वकिल कर्ण थापाले राज्य विप्लवको मुद्दाबाट रिहाइ हुनुपर्ने दलिल पेश गरे । सरकारी वकिलको तर्कमा कुनै दम भने थिएन । अन्ततः न्यायाधिशले 'सबै साक्षी, सर्जमिन र दलिललाई विचार गर्दा राज्य विप्लवको मुद्दामा सजाय म्याद सकिएकोले श्री हेमन्तप्रकाश ओली र मनबहादुर बमलाई रिहाइ गरिन्छ' भनी घोषणा गरे ।


एकातिर खुशीको वातावरण बन्यो भने अर्कोतिर मलाई अर्को मुद्दामा अल्झाएर फेरी थुन्ने कोशिस हुँदै थियो । एकातिर रिहाइ पत्रको तयारी हुँदै थियो भने अर्कोतिर थुनुवा पूर्जीको तयारी गर्न मार्तडी प्रशासन काठमाडौं प्रशासनसँग आदेशको लागि सूचना गर्दै थियो । वकिल साथी कर्ण थापा र मैले शौचालयमा गएर सल्लाह गऱ्यौं, स्थिति त्यही छ । कर्ण थापाले बुझिसकेका थिए, प्रशासनबाट । अर्कोतिर साथी प्रकाश शाहले मेरो रिहाइका लागि मोर्चा कसिरहेका थिए । कर्ण थापाले तत्काललाई मार्तडीको कुनै कोठामा भूमिगत रहने सल्लाह दिएका थिए । मैले चाही यो घेरा तोडेर बाहिर जानु उचित हुन्छ भने र हामी दुवै यही निर्णयमा पुग्यौं । अब हामी एउटा खतरा मोल्न तयार भयौं ।

प्रहरी अदालतमा हामीलाई कुर्दै थियो । प्रशासनले कुन बाटो भएर अर्को मुद्दा लगाई नेपालगन्जतिर लिइ थुन्ने सोच्दै थियो । तर निर्णयमा पुगेको थिएन । उनीहरूलाई अप्ठेरो के थियो भने साँफे बगरतिरबाट लिए पनि कोल्टीतिरबाट लिए पनि बीचको बाटोमा छापामारहरूसँग मुकाबिला गर्नैपर्ने हुन्छ ।

हामी घेरा तोड्ने तयारीमा लाग्यौं । कर्ण थापा र म अग्रमोर्चामा गयौं । अदालत लिएर आएको प्रहरीसँग भन्यौं- 'हाम्रो रिहाइ भइसक्यो । अब हामी प्रमुख जिल्ला अधिकारीसँग भेट्न जान्छौं । तपाईहरूसँग एक क्षणपछि बिदाई गरौंला ।' हामी अघि बढ्यौं, उता दुश्मनमाथि अवरोधक दस्ताको नेतृत्व प्रकाश शाहले गरिरहेको खबर मैले पाएँ । म माओवादी, कर्ण थापा एमाले र प्रकाश शाह मालेकाबीच संयुक्त मोर्चा बन्यो ।

जिल्ला अस्पताल बाजुराभित्र सेनाको क्याम्प थियो । हामी घेरा तोड्न पहिले त्यो शिविर भित्र पस्यौं । अर्को छेउमा गएर बाहिर निस्क्यौं । बाहुलीगाड नजिक पुगेपछि कर्ण थापा फर्कनुभयो र म चाहिं बाहुलीगाडपारी मार्तडी उत्तरको जंगलभित्र स्वाँफ्वाँ गर्दै प्रवेश गरें । त्यति गर्दा १५-२० मिनेट बितिसकेको थियो । मार्तडीमा तिरीरी...चर्को सिटी बज्यो । प्रहरीले बल्ल घेरा तोडेको थाहा पायो । उनीहरू मलाई पुनःगिरप्तार गर्न त्यो मार्तडी पूर्वोत्तरको जंगल वरिपरि त आए । तर भित्र प्रवेश गर्ने आँट गरेनन् । त्यसो गर्नुको अर्थ हुन्थ्यो छापामार दस्तासँग मुकाबिला गर्नु । मलाई भने न त छापामार दस्ताले भेटाएको थियो न त प्रहरीले । म एउटा पहरामा उक्लिएर मुक्तिको सास फेर्दै थिएँ । ढ्याम्म...गोलीको आवाज आयो । मेरो धडकन् बढ्न थाल्यो । मुटुलाई थामेर पहरामा आराम गरिरहें । पाँचभन्दा बढी गोली चलिसक्यो । यहाँबाट कता जाने मलाई थाहा थिएन । नितान्त बिरानो छ ।

जेलबाट मैले उत्तरतिरको गाउँ ढम्कने देखेको थिएँ । जेलमा नै परिचित र मुक्त भइसकेका देवी धामी र लाल रोकालाई सम्झिरहेको थिएँ । अब मेरो पहिलो गन्तव्य ढम्कनेको विकल्प थिएन । अनुमानका भरमा म त्यतैतिर लम्किएँ । असारे झरी खनियो, शोषक जुकाहरू मलाई देखेर सल्बलाउन थाले । हेर्दा हेर्दै साँझ परिसक्यो । अब डाँडामा चढेर ढम्कनेतिर ओर्लने योजनाकासाथ म अघि बढें । कपडाका हरिया जुत्ता असाध्यै कस्सिए, जुकाहरूले मनपरी रगत चुस्न थाले, भिजेर म चाहि निथ्रुक्कै भएँ । तीन वर्षको जेल जीवनमा उकालो हिड्ने अभ्यास हराइसकेको अवस्था, रक्तचापको



विरामी, झरी र जुकाको भिजाई तथा टोकाई हुँदाहुँदै पनि घेरा तोड्न सफल भएको खुसीले मेरो साहस बढाइरहेको थियो । मेरो कार्यनीति थियो ढम्कने पुग्ने र मेरो रणनीति थियो-पार्टी हेडक्वार्टर भेट्ने । त्यसपछि मात्र म आमा बुवा, साथी संगी र प्रियजनहरूलाई भेट्न चाहन्थें ।

उकालो सकेर ढम्कनेतिरको अनुमान गरी राती २ बजेतिर ओरालो झरें । साढे ४ बजे नाङ्गो ठाँउमा पुगें । ५ बजेतिर पूरै उज्यालो भयो । म त फेरि मार्तडीको वारितिर पो पुगेछु । उही कारागार देखिन्छ, उही अदालत । उल्टो दिशातिर ओर्लिएछु । मूलबाटो पनि नजिकै रहेछ । अब सतर्क भएर नरहनुको अर्थ हुन्छ पक्राउ पर्नु । २२ गते ४ बजेसम्म उत्तिसको घारीमा लुकिरहें । त्यसपछि भने फेरि जोखिम मोलेर उकालो लागें ।

माथि डाँडोमा मार्तडीका भैसी गोठालाहरू भेटिए । मलाई देखेर उनीहरू झस्किए । मैले एकजना युवक गोठालोलाई आफ्नो वृत्तान्त सुनाएँ । उनी मलाई ढम्कनेतिर जाने बाटो सिकाएर तलसम्म गए । ती माओवादी समर्थक रहेछन् ।

फेरि पानी पर्न शुरु गऱ्यो । यात्रामा म अघि बढें । जुकाहरूको शोषण शुरु भयो । हातले सोहरेर फ्याँक्न खोज्दा रगतले ढाडिएका मात्र खस्छन् । अरु त चुम्बक झैं टासिन्छन् । मूल बाटोबाट हिडन् भएन, बरु मूल बाटोलाई बायाँ हाततिर पारेर जंगलैजंगल हिड्न थालेको त धेरै भास्सिएछु । ऐरिको झ्याङ्मा भास्सिएर बल्ल-बल्ल निस्केको थिएँ, गड्गडाउँदै बगेको उर्लदो खहरेखोलाले छेक्यो । केही समय बिसाएपछि मात्र खोला थामियो र तरेर अर्को किनारा पुगें । कतै चराहरूले पखेटा भ्याट-भ्याट पार्दा त कतै काला छायाँहरू चलमलाउदा म अझै पनि झसङ्ग हुन्थें । २१ गतेदेखि २३ गतेको त्यो रातीसम्म आइपुग्दा पनि मलाई भोक पटक्कै लागेको महशुस भएन । मेरो ध्यान बस्तीमा पुगेर पार्टी, छापामार र क्रान्ति नायक क.अध्यक्षलाई भेट्नेतिर केन्द्रित थियो । सबभन्दा बढी मलाई माया गर्ने र दूरदराज जेलमा भेट्न आउने बृद्ध आमा, मलाई चिट्ठी लेखिरहने छोरीलाई भेट्ने खुशी बोकेर कठिन यात्रा गरिरहेको हुन्छु ।

२३ गते बिहान भयो । म मूलबाटोमा निस्केर एकजना किसानको घरमा पुगें । एकजना बहिनीलाई सोधेको, ढम्कने गाउँ त्यही रहेछ । सोध्दै जाँदा लाल रोकाको घरमा पुगें । उहाँ केही महिना अघि जेलबाट छुटेर आउनुभएको थियो । मलाई देखेर उहाँ दंग पर्नुभयो र भन्नुभयो -'तपाई नाइके हुनुभयो कि सर ?' यो ठाउँ मार्तडीबाट दुईघन्टा मात्र टाढा भएकोले कारागारका बन्दीहरूबाट नाइके भयो भने त्यहाँसम्म आउन पाउँदो रहेछ । मैले साथी लाल रोकालाई आफू कसरी आएँ, त्यसको वास्तविकता बताएँ । उहाँले कुरा बुझ्नुभयो । देवी धामीलाई पनि खबर गर्नुभयो । ३ दिनदेखि खाना नखाएको कुरा मैले गरिसकेको थिएँ । पहिले ढम्कनेका आलु खाइयो । त्यसपछि बाक्ला रोटी र दाल । मेरो लागि जीवनमा सबभन्दा मीठो मिष्ठान्न त्यही थियो । उहाँहरू दुवैजनाले मलाई असाध्यै माया गर्नुभयो र उहाँका परिवारहरूले पनि स्वागत गरे । मलाई अलि माथि गोठमा सुरक्षित बासमा राख्नुभयो । ३ वर्षपछि महान् जनताका बीचमा प्रवेश गरेकोले मनमा खुशीको आन्दोलन चलिरहेको थियो ।

देवी धामीको घरमा साँझको खाना खायौं । मणिकाँडालाई गन्तव्यमा राखेर देवी धामी र लाल रोकाको पथप्रदर्शनमा फेरि रात्री यात्रा शुरु भयो । साथी मनबहादुर बम चाहि पुनः गिरफ्तारीको समस्या नरहेकोले वैधानिक तरीकाले नै आफ्नो घरतिर लाग्नुभयो होला भन्ने ठानें । मेरो पनि उहाँले धेरै चिन्ता गर्नुभएको थियो । शायद खोज्दै हुनुहुन्छ होला भन्ने ठानें । यस्तै कल्पना गर्दै रातमा अघि बढें । निश्चय नै छापामारको एउटा टुकडी पनि मलाई खोज्दै हुनुपर्छ । यस्तै संकेत पाएको थिएँ, गाँउलेहरूबाट । मणिकाँडा पुग्न ३ किलोमिटर जति थियो होला, उज्यालो भएपछि उहाँहरूले मलाई छोडेर जानुभयो । वर्गीय भावना र प्रेम कति गहिरो हुँदोरहेछ, यति धेरै मद्दत गर्नुभयो उहाँहरूले । साधुवाद छ ! दाजु देवी धामी र लाल रोकालाई । ढम्कनेदेखि मणिकाँडासम्मको यात्रा रमाईलो भयो । मणिकाडाँ गाउँको छेउमा पुगें । किसानहरू कोदो रोप्दै रहेछन् । तिनीहरू मलाई देखेर सतर्क भए । तर मभन्दा पहिले उनीहरू बोलेनन् । मैले पानी मागें र पिएँ । एक जना किसान युवक आएर मलाई केरकार शुरु गरे । यो कोदोको मेलो मिलिसिया चौकी जस्तो लाग्यो । मैले त्यो युवकलाई कथा बताइदिएँ । उनीहरूमा शंका पूरै मेटिएन । युवक लङ्कबहादुर शाहीले मलाई गोठमै राखेर गाउँमा पार्टीका जिम्मेवार साथीहरूलाई बोलाउन गएजस्तो लाग्यो । शिक्षक ज्ञानेन्द्र शाही म बसेको गोठमा आइपुगे । उनले मलाई चिनिहाले । उनले असार २१ गते मार्तडी गएको बेला प्रहरीले अदालत लिदै गर्दा मलाई देखेका रहेछन् । त्यस एरियाका प्रमुख क. क्षितिज आइपुग्नुभयो । मलाई एउटा घरमा लिएर पार्टीले स्वागत गऱ्यो । साँझको खाना युवा साथी लङ्कै घरमा खायौं । अब मैले बल्ल मुक्तिको अनभूति गरें । फेरि जनताका बीचमा आइपुगें । जल्लादहरूका सबै षड्यन्त्रहरू चक्नाचूर भए । साधुवाद छ ! बाजुराका जनता, कार्यकर्ता, एमालेका नेता कर्ण थापा र मालेका नेता प्रकाश शाहलाई । उहाँहरूमा कम्युनिस्ट नाता नपलाएको भए मेरो उद्धार ढिला हुनसक्थ्यो । अथवा म धेरै जोखिममा हुन्थें ।

दानबहादुर बम (मन बहादुर बम) अथवा क. विदुर भारतको जालन्धर शहरमा मसँग भेट हुनुभएको थियो । एकता समाज र प्रवासको पार्टीमा काम गर्नु हुँदोरहेछ । बाजुरा जिल्लामा स्थानीय नेतृत्वको समस्या थियो । मेरो कार्यक्षेत्र त्यहाँ भएकोले मैले उहाँलाई ल्याउन सम्बन्धित निकायमा छलफल जोडदार चलाएको थिएँ र उहाँलाई सँगै लिएर म आएको थिएँ । बाजुरा प्रवेश गर्ने बित्तिकै डोगडी भन्ने गाउँमा क. विदुर र म पक्राउ पऱ्यौं । तीन वर्षको जेल जीवन सँगसगै बितायौं । उहाँ र मेराबीच एउटा गहिरो सम्बन्ध बनेको छ । उहाँ पनि गोत्री आइसक्नुभएको थियो ।

वर्षात्सँगै पल्लवित हरियाली र रमणीय पहाडहरूले हामीलाई उत्साह र जाँगर दिइरहेका थिए । जनमुक्ति सेनाको एउटा सेक्सनले मलाई कालीकोटको मेहलमुडीतर्फ लिदै थियो । गोत्रीबाट बाजुराकै सापपाटास्थित क. विदुरको घरमा पुग्यौं । भारतमा १२ वर्ष र जेलमा ३ बर्ष गरी १५ बर्षपछि घरमा छोरा आइपुग्दा बुवा-आमा, दाजु-भाइ तथा दिदीबहिनी र परिवारका सबै अनि गाँउलेहरू असाध्यै खुशी भए । घरभरि खुशीयाली र गाँउभरि खुशीयाली छायो । त्यहाँ पनि गाँउमा एउटा कार्यक्रम भयो । हामीले त्यहाँ भाषण गऱ्यौं ।

बुवाआमा, दाजुभाइ र दिदीबहिनीहरूसँग बिदा भएर हामी कालीकोटको मेहलमुडीतिर मोडियौं । कर्णालीको किनारै किनार गएर माथि उक्ल्यौं । जनमुक्ति सेनाको एउटा टुकडीले हामीलाई हार्दिक स्वागतका साथै रेड स्यालुट अर्पण गऱ्यो । हामीले हार्दिकतापूर्वक ग्रहण गऱ्यौं । तल कर्णाली उन्मुक्त भएर दौडिराखेको थियो भने माथि जनमुक्ति सेनाको बटालियन । पाँच सयको टुकडी रहेछ, त्यो गाँउमा । मैले रोपेर गएको एक प्लाटुन कालीकोटमा मात्र एक बटालियन देख्दा खुशीको सीमा रहेन । ती योद्धाहरूसँग हामीले गरमजोशीका साथ हात मिलायौं । क. तेजबहादुर ओली (प्रतिक) त्यहाँको कमाण्डर हुनुहुँदो रहेछ । कुनै कार्वाहीको तयारी छ भन्ने सहजै अनुमान लगाउन सकिन्थ्यो । अहिले त भरुवा बन्दुक मात्र होइन, सकेट ग्रेनेट र राइफल तथा सटगनहरू पनि थिए, ती योद्धाहरूका काँधमा । हामीले सेनासँगै खायौं र उनीहरूसँगै उठ् बस र चलखेल गर्न थाल्यौं । जीवनमरणको मैदानमा माया गाँसियो ।

केही दिनपछि मेहलमुडीको विद्यालयको चौरमा भव्य आम सभाका बीच हाम्रो स्वागत गरियो । क.भरत बमले उद्घोषण गरेको त्यो सभाको सभापतित्व हर्षबहादुर शाही र स्वागत भाषण महेन्द्र शाहीले गर्नुभएको थियो । हामी दुवै माला र अविरले सजिएका थियौं । हामीलाई कताकता जनताले नयाँ जिम्मेवारी दिए जस्तो महशुस भएको थियो । हामीले प्रतिबद्धता व्यक्त गऱ्यौं कि हामी जनमुक्तिका लागि नयाँ जनवाद, समाजवाद र साम्यवादप्रति प्रतिबद्ध छौं । वीर शहीदहरूको सपनाप्रति प्रतिबद्ध छौं । यी फूलका माला र अबिरका उपहार काराबास मुक्तिका लागि स्वागत मात्र होइनन्, जनमुक्तिका लागि जिम्मेवारी पनि हुन् ।

कालीकोटका कन्दराहरूमा, रमाइला बस्तीहरूमा र जनताका बीचमा घुम्दा घुम्दै साउन महिना लाग्यो र झरी पनि दर्किन थाल्यो । जेलबाट मुक्त भएको खबर सुनेर घरमा बुवाआमा कहिले आउला भनेर पर्खिरहेका होलान् । त्यस्तै आफन्तहरूकै बीचमा त छु नि म भनेर रमाइरहेको हुन्छु ।

एउटा दस्ता एक सातादेखि बन्दुकहरू भर्दै, बमहरू तयार गर्दै र कीडब्यागहरू कस्दै तयारी गरिरहेको थियो । विस्फोटनको तयारीमा रहेको त्यो दस्ता श्रावण ५ गते मेहलमुडीबाट अघि बढ्यो । कमाण्डरले कहाँ जाने हो, मलाई जानकारी दिदै आफनो दस्तालई विशेष कासन गरेर अघि बढायो ६ गते त्यसले मणिकाँडामा बास लियो र सात गते राती बाजुराको पाण्डुसेनमा रहेको दुश्मनको इलाका प्रहरीमाथि विस्फोटन भयो । करीब १५ मिनेटभित्र कब्जामा आयो । जनमुक्ति सेना विजयी भयो र श्वेतगार्ड हाऱ्यो ।

भोलिपल्ट अर्थात् २०५८ श्रावण ८ गते तात्कालीन सरकारका प्रधानमन्त्री शेरबहादुर देउवासँग वार्ता शुरु भयो र युद्ध विरामको घोषणा गरियो । जनयुद्धका बीचमा सरकारसँग राजनैतिक वार्ता हाम्रो लागि आश्चार्यलाग्दो भयो । तर जनयुद्धलाई आतंकवादी गतिविधिका रुपमा प्रचारप्रसार गरिएको बेला यसलाई राजनीतिकरण गर्न आवश्यक थियो । हामीले पछि बुझ्यौं । आफ्ना घाइते सहयोद्धाहरूलाई प्राथमिक उपचारकासाथ बोक्दै सुरक्षित स्थानमा पुऱ्याएर जनमुक्ति सेनाको त्यो टुकडी बिजयोल्लासका साथ कालीकोटको फागुटी आइपुग्यो । ९ गते बिजय सभा र समीक्षा भयो । त्यस सभामा मैले विजयी दस्तालाई बधाई ज्ञापन गर्ने अवसर प्राप्त गरैं । यही शिलशिलामा कमाण्डर तथा कमिश्नरहरूकै आग्रह अनुसार मार्क्सवादका आधारभूत सिद्धान्त र त्यसमा प्रचण्डपथको विकासबारे संक्षिप्त चर्चा गरेको थिएँ । त्यहाँ क. विदुरले जेलका अनुभूतिहरू राख्नुभएको थियो । मोर्चा कसरी जितियो भन्नेबारे क. प्रतिक र क. प्रज्वलले राख्नुभएको थियो । क. जनकलगायत केही कमरेडहरू त्यस मोर्चामा वीरगति प्राप्त गर्नुभएको थियो । पार्टी र जनमुक्ति सेना अन्तराष्ट्रियतावादी चेतनाद्वारा लैश छ किनभने मधेशका योद्धाहरू हिमालमा गएर शहादत प्राप्त गरेका छन् र हिमाल र पहाडका मधेशमा गएर । यति उदात्त र शानदार चेतना नेपालमा पहिले कमै थियो । जो जहाँ जान पनि योद्धाहरू कर्तव्य बोधकासाथ तयार छन् । यो वास्तवमा एउटा साँस्कृतिक क्रान्ति पनि रहेछ । कुहिएका सँस्कृतिको अन्त्य भएको छ र नयाँ सँस्कृतिको विकास भएको छ ।

भोलिपल्ट फागुटीबाट हामी जुम्लातर्फ लाग्यौं । जुम्ला र कालीकोटको सिमानामा पर्ने माछा लेक चढ्न शुरु गऱ्यौं । म जेलमा अलि बढि मोटाएको थिएँ । स्वाँफ्वाँ शुरु भयो । जनमुक्ति सेनाको रहरलाग्दो त्यो उकालोको मार्चपास देखेर उत्साहित हुँदै उनीहरूसँगै दौडें, तर गाह्रो भयो । अन्ततः चुचुरामा पुग्यौं । चुचुराका समस्थलीहरूमा यति धेरै रंगीविरंगी सुन्दर फूलहरू फुलिरहेका थिए जसले मेरो मनभित्र ती फुलहरू जस्तै सपनाहरू सजिन थाले । निला, पहेंला, राता, सेता फूलहरू हाम्रो जनमुक्ति सेना जस्तै थिए मगर, क्षेत्री, बाहुन, थारु, कामी, दमाई, वादी, मुस्लिम, यादव, मुसहर, चमार, च्यामे र पोडे सबै थरीका फुलहरू हाम्रो त्यो टुकडीमा थिए । शिखरमा पुगेर जनमुक्ति सेनाका कमरेडहरूले सातु खान थाल्नुभयो । यी चीसा पहाडहरूमा भोक पनि त्यत्तिकै जोड्ले लाग्छ ।

साँझ ८ बजेतिर हामी जुम्लाको पाथरकोट पुग्यौं । क.आर्ट, क.आदर्श, क. धराला र क.नरेश भण्डारीहरू त्यहाँको नेतृत्वमा हुनुहुँदो रहेछ । उहाँहरूले बाजागाजासहित बिजयी जनमुक्ति सेना र हामी जेलबाट घेरा तोड्दै आएका दुईजनालई स्वागत गर्नुभयो । त्यहाँ पुगेपछि कमाण्डर क. नेपबहादुर के.सी.(परिर्वतन) भेटिनुभयो । क. आर्ट रुकुममा जन्मेको र क.परिवर्तन रोल्पाको । जेहोस् यी बाँझा धर्तीहरू जोत्न आएका रहेछन् क. प्रतीक, क.परिवर्तन र क.आर्ट । उहाँहरूको यहाँका स्थानीय कार्यकर्ता र जनतासँगको घनिष्ट सम्बन्ध देख्दा मलाई लोभ लागेर आयो । साधुवाद छ यी सफल योद्धाहरूलाई । माछालेकमा फुलेका फूलहरू सधैंभरी फुलिरहून् ।

हामी त्यहाँबाट दुई दिनपछि दैलेखको नौमूले पुग्यौं । केही महिना पहिले त्यहाँ जनमुक्ति सेनाले प्रहरीमाथि भयंकर प्रहार गरी विजय हासिल गरेको थियो, जसको बारेमा हामीले जेलमै सुनेका थियौं । प्रत्यक्ष रुपमा कार्वाही स्थल पनि हामीले अवलोकन गऱ्यौं । यहाँ ३० जनाभन्दा बढी प्रहरीको ज्यान गएको थियो । त्यहाँ एउटा भेला रहेछ । क.भक्तबहादुर शाह, क.कालीबहादुर मल्ल, क.मायाप्रसाद आचार्य, क.पूर्ण कुमारी सुवेदी, क.ज्ञामप्रसाद चालिसे (हाल शहीद भइसक्नुभएका) सँग भेट भयो । लामो समयपछि भेट हुन पाउँदा हामी बसेर अनौपचारिक छलफल गऱ्यौं । क. ज्ञामसँग लामो सहकार्य गरेको कमरेड भएर होला, धेरै गम्भीर भएर मसँगको भेटलाई माया मारिसकेको भनेर टिप्पणी गर्नुभयो । दुश्मनले बचाउँदैन होला भन्ने लागेको थियो उहाँलाई । हामी भावनाको अंगालोमा बाँधियौं ।

हामी सुर्खेतको अवलचिङतिर लाग्यौं । दैलेख र सुर्खेतको सीमाना पोखरामा एउटा शहीद गेट बनेको रहेछ । त्यो गेटमा क. चेतन (डिल्ली घर्ती) लगायत चार जनाको नाम अंकित रहेछ । ती वीरहरू अवलचिङ प्रहरी चौकीमाथि आक्रमण गर्ने क्रममा आफ्नै माइन विस्फोटमा परी शहादत भएको जानकारी भयो । मैलै उनीहरूप्रति शिर झुकाए र रेड स्यालुट अर्पण गरे ।

... बाँकी ७ पृष्ठमा

## चुनाव उपयोग ...

मूलरुपमा हरि पनि सकेको थियो । जनमत नयाँ जनवादको पक्षमा व्यक्त भइसकेको थियो । त्यही क्रममा शान्ति वार्ता भएको थियो । त्यसको सार भनेको माओवादी सत्ता, सेनासहितको नयाँ सत्ता निर्माण गर्ने भन्ने थियो तर यो सारतत्वलाई पूरै मारेर सहमतिको ठिक उल्टो संसदीय व्यवस्थालाई फर्काएर पुनस्थापना गर्ने कार्य भयो । अवस्था कति खराब भयो भने परिवर्तनका मुख्य आधार माओवादी नेता कार्यकर्तालाई अपराधी बनाउने, सहिदहरूलाई मान्यता नदिने, वेपत्ताहरूको वेवास्ता गर्ने, राष्ट्रघात थोपर्ने, जनतामाथि दमन गर्नेसम्म गरियो । यो चुनावले त्यसैलाई अनुमोदन गर्ने सुरले गरिदै छ । यस अर्थमा यो चुनाव देश, जनता र क्रान्तिकारीहरूका लागि पर्व होइन विपत्ति हो ।

संसदवादीहरूले गर्ने अरु तर्क जे छन् चुनाव नभए प्रतिनिधि विहिन हुन्छन्, कर्मचारीले भ्रष्टाचार गर्छन्, विकास हुँदैन, शान्ति प्रकृया टुङ्गोमा पुग्दैन भन्ने यी कुनै तुक नमिलेका र अर्थ नभएका कुरा हुन् । जनता जनयुद्धमा पनि जनप्रतिनिधि विहिन थिएनन्, पछि पनि सहमतिअनुसार सत्ता निर्माण गरेको भए प्रतिनिधि विहिन हुने थिएनन् । माओवादीको त्रासले नै सत्ता नबनाएर समस्या परेको हो, तथापि सर्वदलिय संयन्त्र बनाएको नाटक गरिएकै छ। क्रान्तिकारीहरूसँग इमान्दारीपूर्वक जनप्रतिनिधि बनाउन सकिने हुन्थ्यो । उनीहरूले गरेको कर्मचारीले भ्रष्टाचार गरे त्यसैले जनप्रतिनिधिका लागि चुनाव भन्ने तर्क पनि पूरै गलत छ । चाहे केन्द्रमा होस् चाहे स्थानीय तहमा भ्रष्टाचारको केन्द्र कर्मचारी नभएर संसदवादी दलका नेता र कार्यकर्ताहरू हुन् । राज्यमा भइ रहेका अरबौं र करोडौंका सबै भ्रष्टाचार (एनसेल, चन्द्रागिरी, उद्योगहरू, विधुतप्राधिकरण) मा संसदवादी र सरकार सञ्चालनमा रहेका दलका नेताहरू प्रत्यक्ष छन् । त्यस्तै स्थानीय तहमा पनि राजनैतिक दलका नेता र कार्यकर्ताहरू जो सर्वदलिय संयन्त्रमा बसेका छन् भ्रष्टाचारमा डुबेका छन् । भोली चुनावपछि पनि जाने यी दलका मान्छे नै हुन । अझ भन्ने हो भने संक्रमणकालको जटिल अवस्थामा भ्रष्टाचारमा डुब्ने मान्छेहरू चुनाव पछिको एकलौटी जिम्मामा भ्रष्टाचार रोकिने होइन कि खेती नै भ्रष्टाचार गर्ने सम्भावना छ भन्न सकिन्छ । अनि कर्मचारीले गर्दा भ्रष्टाचार भयो भन्ने कतै मेल खाँदैन् । विडम्वना आज कारवाही केवल कमजोर कर्मचारीलाई मात्र भइरहेको छ। नेताहरू ठाटाबाठाले हिडिरहेका छन् ।

विकास निर्माण पनि संसदवादी सत्ताभित्र सम्भव छैन, भए पनि त्यो केवल भौतिक विकास मात्र हुन्छ त्यसले जनतालाई शान्ति, समानता, नयाँ विचार, संस्कृति र सभ्यता दिन सक्दैन् । यसले शान्ति प्रकृयालाई टुङ्गोमा पुऱ्याउला भन्ने त झन् कल्पनै नगरे हुन्छ । बरु संसदवादी र क्रान्तिकारी बीचको सङ्घर्षलाई विस्फोटक बनाई दिने छ । त्यसैले यसलाई हामीले कुनै पनि स्थितिमा खारेज गर्नुपर्छ र जनयुद्धकालमा संगठित भएका जनसत्तालाई नयाँ आधारमा संगठित गर्नु पर्छ भनेका छौं । जुन कुरा एकदमै सही छ ।

### केही कम्युनिस्ट पार्टीका धारणाको खण्डन

केही कम्युनिस्ट पार्टीहरूले चुनावको उपयोग गर्ने नीति लिएका छन् । कार्यनीतिक सिद्धान्तका दृष्टिले चुनाव उपयोग या बहिष्कार जे पनि गर्न सकिन्छ यसमा कुनै विमति छैन तर उपयोग गर्दा जे तर्कहरू गरिएको छ ती सही छैनन् । जस्तो कि क्रान्तिकारीको स्थिति कमजोर भएकोले चुनाव उपयोग गर्नुपर्छ भन्ने जुन तर्क छ त्यो सही तर्क होइन् । नेपालमा क्रान्तिकारीहरू निकै कमजोर भइसकेको स्थिति छैन। कुनै एक पार्टीबाट मात्र हेर्दा त्यस्तो लाग्न सक्छ (त्यो पनि पूरै सही छैन्) तर समग्र क्रान्तिकारी प्रवृत्ति र धारका दृष्टिले यो धेरै कमजोर भएको स्थिति छैन । बरु जनयुद्धमा भाग लिएका नेता कार्यकर्ता मात्र होइन सबैतिरका क्रान्तिकारी कम्युनिस्टहरू ध्रुवीकृत र एकीकृत हुँदैछन् । सबै क्रान्तिकारीहरूले गम्भिरतापूर्वक बोध गर्ने हो भने संयुक्त मोर्चा निर्माण गरेर दलाल पुँजीवादी सत्ताका विरुद्ध क्रान्ति हाँक्नसक्ने परिस्थिति तयार हुँदै गएको छ । यसमा कम्युनिस्टहरू मात्र होइन देशभक्त र लोकतन्त्रवादी शक्तिहरू पनि सहभागी बन्ने सम्भावना छ । देशभक्त शक्तिको तर्क गर्दा यसभित्र उद्योगी, व्यवसायी, सेना, प्रहरी, कर्मचारीको मोर्चाबन्दीलाई पनि सम्भावनामा राख्न सकिन्छ । जनताहरू पनि क्रान्तिकारीहरूतिर नै बढि आशावादी छन् । वस्तुगत रुपले भन्दा क्रान्तिकारीहरू भन्दा सङ्कटमा संसदीय व्यवस्था छ। संसदवादी पार्टीहरू बदनाम र सङ्कटग्रस्त छन् । त्यसैले कमजोर भएकोले उपयोग भन्ने तर्क सही छैन् ।

कम्युनिस्टहरूले उठाएको अर्को तर्क गणतन्त्र भर्खर आएकोले जनताले यसको खराबीलाई बुझिसकेका छैनन् भन्ने गरेका छन् यो पनि सही होइन । पहिलो कुरा जनयुद्ध संसदीय व्यवस्थाको विरुद्धमा सुरु भएको थियो र जनताले जनयुद्धलाई साथ दिएको पनि संसदीय गणतन्त्रलाई थिएन नयाँ जनवाद र वैज्ञानिक समाजवादलाई थियो । पछि पनि जनताले राजतन्त्रको मात्र अन्त्य चाहदैनथ्यो संसदीय व्यवस्थाको नै अन्त्य चाहन्थ्यो । माओवादी कार्यकर्ता र जनतामा आएको निराशाको मुख्य कारण पनि यही छ कि संसदीय व्यवस्थाको लागि मात्र यो स्तरको युद्ध र वलिदान आवश्यक थिएन् । नेताहरूले आफ्नो स्वार्थको लागि जनयुद्धको गौंरवलाई बेचे । अहिले पनि जनमत लिने हो भने सजिलै बुझ्न सकिन्छ कि नेपाली जनता संसदीय गणतन्त्रको पक्षमा नभएर नयाँ जनवाद र वैज्ञानिक समाजवादको पक्षमा छन् । बरु समस्या जनभावनाको नेतृत्व गर्नेको नै हो । क्रान्तिकारीहरूले त्यो साहस गर्दा जनताको समर्थन पाउनेमा शंका नगरे हुन्छ ।

उनीहरूको अर्को तर्क छ क्रान्तिकारीहरूले चुनावको उपयोग गरेर संसदवादी सत्ताको भन्डाफोर गर्ने सम्भावना छ, उपयोग गर्नु पर्छ । यो तर्क पनि वस्तुवादी छैन किन कि संसदवादीको सत्ताभित्र गएर अहिले के भन्डाफोर गर्ने मेसो नै देखिदैन् । सबैले भाग लिने, सबैले एउटै खालको काम गर्ने, सँगसगै सुविधा र समस्या लिने भए पछि उल्टो स्वार्थका लागि लुछाचुँडि गर्ने परिस्थिति छ । आजसम्मको व्यवहारले पनि यही सावित गर्छ । कुनै एक दुई प्रतिनिधिले सोच्न खोज्लान त्यो पनि केही दिनका लागि पछि सबै एउटै घानमा पुग्ने निश्चित छ बरु भन्डाफोर आफ्नै हुने खतरा छ । आजको अवस्थालाई हेर्दा भाग लिएर गर्ने भन्डाफोर भन्दा कैयौं गुणा भन्डाफोर राजनैतिक आन्दोलन र संघर्षबाट गर्न सकिन्छ । जहासम्म जनताको हितमा संसदीय व्यवस्थालाई उपयोग गरौंला भन्ने संसदवादी सवाल छ, यो पनि नितान्त अनुभववादी या आत्मरती गर्ने कुरा मात्र हो । जब क्रान्तिका लागि सुस्पष्ट रणनीति र कार्यनीति छैन, क्रान्तिका लागि चौतर्फी तयारी छैन भने राज्यलाई उपयोग गरौंला भन्ने होइन कि भएको शक्तिलाई पनि फोहर संसदवादी तबेलाभित्र पारेर उपयोग भइदिने अवस्था छ। उपयोग भइदिने मात्र होइन आफैलाई प्रदुषित गर्ने र सक्ने खेल पनि हुन सक्छ। संसारभरि र नेपालको उपयोगको अनुभव हेर्दा यस्तै भएको छ । त्यसैले चुनावलाई खारेजी गर्नु, जनताको सत्ता निर्माण गर्नु नै यतिबेला प्रतिक्रान्तिलाई धक्का दिने र क्रान्तिलाई नयाँ उचाइमा उठाउने सही उपाय हो ।

### चुनाव खारेजीबारे हाम्रो दृष्टिकोण

हामीले कथित स्थानीय चुनावलाई खारेज गर्ने र जनताको समानान्तर सत्ता निर्माण गर्ने निर्णय लिएका छौं। हाम्रा नेता र कार्यकर्ता एक सोच, एक भाव र एक जोसका साथ अभियानमा पनि हिडिसक्नु भएको छ। हाम्रो यो दृष्टिकोणलाई राज्यले अतिवादी, चुनाव विरोधी, लोकतन्त्र विरोधी भनेर प्रचार गरिरहेको छ । प्रचण्ड लगायतका अधिकारीहरूले कुनै पनि अतिवादलाई नछोडने भनेको हल्ला आउँछ, पहाड, हिमाल, मधेश कतैको अतिवादलाई नछोडने भनेको पनि सुनिन्छ। हाम्रो पार्टी र नेताहरूलाई निगरानी गर्न भनेको पनि पाइन्छ। कार्यकर्तालाई खारेजीको प्रचार प्रसार पनि गर्न नदिएको स्थिति छ। तर हामी आफ्नो अभियानमा अविचल छौं ।

हामीले खारेजीको निर्णय कुनै आवेग, भावावेश र देखावटीरुपमा गरेका होइनौं । पार्टीमा व्यापक छलफल र व्याख्या विश्लेषण गरेर सचेततापूर्वक गरेका हौं । यो गर्नुमा हाम्रा केही महत्वपूर्ण निष्कर्षहरू छन् ।

**पहिलो कुरा**, माओवादी र संसदवादी दलहरू बीचमा भएको विस्तृत शान्ति सम्झौताको मूल मर्म नै उल्टाइएको छ। सम्झौता मूल मर्म भनेको जनयुद्धद्वारा निर्माण भएका जनसत्ता, जनसेना, जनअदालत, जनप्रशासनलाई पुरानो सत्ताका संरचनासँग मिलाएर नयाँ सत्ता निर्माण गर्ने भन्ने थियो । तर संसदवादी दलालहरूको बेइमानीका कारण यसलाई पूरै उल्टाइयो र एकलौटी रुपमा संसदीय व्यवस्था निर्माण गर्ने कार्य भयो। यो चुनाव त्यही षड्यन्त्रपूर्ण ढङ्गले ल्याएको संसदीय व्यवस्थालाई अनुमोदन गराउने चाल हो, त्यसैले यसलाई हामीले खारेजी गर्ने निर्णय लियौं ।

**दोस्रो**, संसदीय व्यवस्था लादेपछि उत्पीडित जनता वर्ग, राष्ट्र, लिङ्ग, क्षेत्र, समुदायका अधिकारहरू खोसिएका छन् । जनयुद्धबाट स्थापित अधिकारहरू जस्तो कि भूमिसुधार, दलाल पुँजीको नियन्त्रण, दलाल संस्कृतिको नियन्त्रण, जन अदालतका निर्णयहरूलाई अस्वीकार, जनप्रशासनले गरेका जग्गा जमिन लेनदेन कार्यको अस्वीकार गर्ने कार्य भयो । किसान, मजदूर, उद्योगी, युवा, महिला, दलित, जनजाति सबैको अधिकार छिन्ने काम गऱ्यो । यो चुनावले त्यसैलाई मान्यता दिने हो। जनताले लडेर जनता नै उत्पीडित हुने व्यवस्था कदापी स्वीकार्य हुन सक्दैन त्यसैले हामीले चुनाव खारेज गर्ने निर्णय लियौं ।

**तेस्रो कुरा**, संसदीय व्यवस्था लादेपछि हाम्रो देशको स्वाधीनता र सार्वभौमिकतालाई झन खतरामा पार्ने कार्य भयो । जनयुद्धपछि आएका नेताहरूले नै भारतलाई कर्णाली, अरुण, कोशी, अर्थतन्त्र, हवाई अड्डा जिम्मा लगाउने काम गरे । भारतले चारैतिर अतिक्रमण र हस्तक्षेप गर्दै सिमा विवादमा नेपाली छोरा गोविन्द गौतमलाई गोली हानी हत्या गर्न पुग्यो । राज्य दलालीमै कुदिरहेको छ। यो चुनावले यही राष्ट्रघातलाई सघाउ पुऱ्याउने हो त्यसैले हामीले चुनाव खारेज गर्ने निर्णय गऱ्यौं ।

**चौथो कुरा**, संसदीय राज्यले जबर्जस्त संसदीय संविधान लादेपछि हामीले जनताको प्रतिनिधित्व गर्ने जनसंविधान घोषणा गरेका थियौं । जनसंविधानले व्यवस्था गरेअनुरुप नै जनप्रतिनिधि सभा र जनपरिषद निर्माण गऱ्यौं। जनसत्ता देशव्यापी रुपबाट पुनर्गठन गऱ्यौं । आज दुई सत्ताको प्रतिपूर्धा र संघर्ष चलिरहेको छ । उनीहरूले जनसंविधान र जनसत्ता नमानेको स्थितिमा जनताले पनि उनीहरूको प्रतिक्रियावादी संसदीय व्यवस्थालाई मान्ने सवाल आउँदैन। साथै उनीहरूले हाम्रो सत्तालाई अस्वीकार गरेको अवस्थामा जनताले उनीहरूको सत्ता र त्यो सत्तालाई सुदृढ गर्ने चुनावलाई स्वीकार गर्ने कल्पनै हुँदैन। उनीहरूले संसदीय चुनाव गर्नेछन् भने हामीले जनसत्ताको चुनाव गर्ने छौं । त्यसैले हामीले यसलाई खारेज गर्ने निर्णय गऱ्यौं ।

**पाचौं कुरा**, संसदीय राज्यको कारणले देशको भविष्य नै खतरामा पर्न गएको छ । संसदवादी दलहरू स्वविवेकबाट कोही पनि सञ्चालित छैनन् । शक्ति केन्द्रहरूको इशारामा उठ्ने र बस्ने गरिरहेका छन् । उनीहरू कसैबाट पनि यो राजनैतिक सङ्कटको निकास सम्भव देखिदैन । जति समय यी तत्वहरू सत्तामा रहन्छन् देश त्यति नै खतरामा पर्दै जाने देखिन्छ । साथै संसदीय व्यवस्थाबाट पनि यसको निकास सम्भव छैन । जनतामा समेत यो व्यवस्थाप्रति निकै असन्तुष्टि बढेको छ । सबै देशभक्त नागरिकहरूमा चिन्ता छ । यो अवस्थामा हामीले देशलाई शान्ति, समानता, स्वाधीनता र समृद्धिको दिशामा लैजान जनवादी र वैज्ञानिक निकास दिनुपर्छ भन्ने बोध गरेका छौं। त्यसका लागि हामीले वैज्ञानिक समाजवादी कार्यक्रम पनि अगाडि सारेका छौं । देशको निकास वैज्ञानिक समाजवादी सत्ताबाट मात्र छ भन्ने हाम्रो बुझाई छ त्यस कारणले पनि यो चुनावलाई खारेज गर्ने निर्णय गऱ्यौं ।

### निष्कर्ष

हामीले जनयुद्ध र शान्ति समझौता विपरीत लादिएको दलाल पुँजीवादी संसदीय व्यवस्थालाई अस्वीकार गर्नुपर्छ । जनताको अधिकार खोस्ने र जनतामाथि दमन गर्ने सत्तालाई अस्वीकार गर्नुपर्छ। हाम्रो देशमाथि खतरा बढाउने सत्तालाई अस्वीकार गर्नुपर्छ। त्यस्तो सत्तालाई अनुमोदन गर्ने चुनावलाई बहिष्कार होइन खारेज गर्नुपर्छ।

हामीले नेपाली क्रान्ति र जनयुद्धको मर्म अनुरुपको सत्ता निर्माण गर्नुपर्छ । जनताको अधिकार सुनिश्चित गर्ने र देशलाई रक्षा गर्न सक्ने सत्ताको निर्माण गर्नुपर्छ । जनतालाई मुक्ति र देशलाई स्वाधीनता दिने चुनाव गर्नुपर्छ । त्यसको लागि असफल र सङ्कटग्रस्त पुँजीवादी संसदीय व्यवस्थाको चुनाव खारेज गर्दै सबै क्रान्तिकारी कम्युनिस्ट, देशभक्त, लोकतन्त्रवादीहरूलाई समेटेर आफ्नै सत्ता निर्माणको चुनाव गर्न अगाडि बढ्नुपर्छ। जसले श्रमिक जनता र देशलाई मुटुमा राखेर काम गर्छ उसैले विजय हासिल गर्छ। यो काम हामी गर्नेछौं र विजय पनि हाम्रो नै हुनेछ।


आरामदायी यात्राका लागि

**न्यू कोशी डिलक्स**

**यातायात (प्रा.)लि.**

धरान - ०२५-५२००२५, ५३१४२५
तरहरा - ०२५-४७५९७४
इटहरी - ०२५-५८४२३२
सुन्धारा - ०१-४२२३२३१
गोंगबु बसपार्क - ९८०१०४४१९१
कोटेश्वर - ०१-४६०२१२०





(हुलाकीमार्गमा पैदल मार्च)

## दशगजाको नजिकबाट पैदल मार्च

नेपाल कम्युनिस्ट पार्टी जनकपुर ब्यूरोको आयोजनामा सप्तरी जिल्लाको राजविराज देखि जनकपुरसम्म सर्लाहीको वरथवहवा देखि जनकपुर सम्मको पैदल मार्च सम्पन्न भएको छ। राजविराज देखिको पैदल मार्चको वैशाख २ गते नेकपा का के.स. तथा जनकपुर ब्यूरो इन्चार्ज क.सन्देश पौडेलले पैदल मार्चमा सहभागीहरूलाई पार्टीको झण्डा दिएर उद्घाटन गर्नु भयो । राजविराज देखि जनकपुर सम्मको हुलाकी राजमार्ग हुँदै गरिएको पैदल मार्चको नेतृत्व पार्टीका वैकल्पिक के.स. देव नारायण साह (क.त्रिलोक) ले गर्नु भएको थियो। सोही दिन, सर्लाहीको वरथहवा देखि जनकपुर सम्मको पैदल मार्चको उद्घाटन पार्टीका केन्द्रिय सल्लाहकार समितिका सचिव चित्र बहादुर आले (क.पवन) ले गर्नु भयो । उक्त पैदल मार्चको नेतृत्व केन्द्रिय सल्लाहकार समितिका सदस्य क. राम लखन महतोले गर्नु भएको थियो ।

पैदल मार्चमा सहभागिहरूले हुलाकी मार्ग प्रयोग गरेका थिए । उनीहरूले मधेशका जनतालाई चुनाव खारेजीको पर्चा वितरण, मधेशी मूक्ति मोर्चाको सदस्यता वितरण, संगठन निर्माण, अन्तरक्रिया लगायतका कामहरू गरेको पैदल मार्चका एकजना सहभागी रामनाथ मण्डलले जानकारी गराए। पैदल मार्चको समयमा खुल्ला बोर्डरको निरिक्षण गर्नुका साथै बोर्डरमा बस्ने जनताको समस्या बुझ्ने काम गरिएको थियो । पैदल मार्चमा सहभागिहरूलाई विभिन्न चोकमा फूल, अविर लगाएर ताली बजाएर स्थानिय जनसमुदायले स्वागत गरेका थिए। पैदल मार्च वैशाख ५ गते जनकपुर गरिएको जनजागर तथा प्रतिरोध अभियान अन्तरगतको जागरण सभामा सहभागि हुन आइ पुगेको थियो ।

## जनकपुरमा जागरण सभा सम्पन्न

नेपाल कम्युनिस्ट पार्टी जनकपुर ब्युरोले कथित स्थानीय चुनाव खारेजीको लागि जनजागर तथा प्रतिरोध अभियान अन्तर्गत विशाल जागरण सभा यहि वैशाख ५ गते जनकपुरमा सम्पन्न गरेको छ । जागरण सभाको प्रमुख अतिथि नेकपा का. स्थाई समिति सदस्य तथा अन्तराष्ट्रिय विभाग प्रमुख धर्मेन्द्र बास्तोला (क. कञ्चन) ले सभालाई सम्बोधन गर्दै भन्नु भयो। नेपालको राष्ट्रिय, जनतन्त्र र जनजीविका समस्यामा परेको छ भन्दै उहाँले अगाडि भन्नु भयो वि.पी ले परिवर्तनका निम्ति झण्डा उठाए पछि भारत सामु आत्मसमर्पण गरेर जनतालाई धोका दिए, जनयुद्धको नेतृत्व गरेका प्रचण्ड बाबुरामले भारतीय साम्राज्यवाद सामु आत्मसमर्पण गरेर नेपाली जनतालाई धोका दिए भन्नु भयो । उहाँले अगाडि भन्नु भयो, नेपालमा शासकहरू भारतको कठपुतली बनेका छन् कारण १९६० लगायतको असमान सन्धि । जुन सन्धिले नेपाल प्रहरी, नेपाली सेना भारतीय प्रहरी र सेना जस्तो भएको छ। के यो चुनावले त्यो सन्धि खारेज गर्न सक्छ। सुन्दैन ? जब सम्म शासन व्यवस्थामा परिवर्तन गरिदैन तबसम्म संसदीय व्यवस्था परिवर्तन नगरि गरिने चुनावले सिक्किमीकरण तिर लैजान्छ। यस्तो चुनावलाई सम्पूर्ण जनताले प्रतिरोध एवम् खारेज गर्नुपर्छ भन्नु भयो ।

उक्त जागरण सभामा नेकपा केन्द्रिय सल्लाहकार समितिका अध्यक्ष क. असारे काका, केन्द्रिय सल्लाहाकार समिति सचिव चित्र ब. आले (क.पवन) के.स. टेक बहादुर बलम्पाखी र सदस्य राम लखन महतोको उपस्थिति रहेको थियो ।

जागरण सभा शुरु हुन अगाडि जनकपुरको रामानन्द चोकबाट विशाल ऱ्याली सहरको विभिन्न ठाउँ परिक्रमा गर्दै सभा स्थल प्रवेश गरेको थियो ।

सभा चल्दै गर्दा सभालाई विथोल्न प्रतिक्रिया वादी शासकको निर्देशनमा प्रहरी र सशस्त्र प्रहरी परिचालन गरि कार्यक्रम स्थललाई मुठभेड तिर लैजाने कोशिश गरियो तर अनुशासित कार्यकर्ता र जनसमुदायको बाक्लो उपस्थितिका कारण सम्भव भएन सभा शान्दार रुपमा सफल भयो ।

## दुश्मनको घेरा ...

आखिर हामी अवलचिङ त्यही घरमा पुग्यौं जुन घरमा रहेको प्रहरी चौकीमाथिको कार्वाही असफल भएको थियो । त्यही नै शहीद हुनुभएको थियो डिल्ली घर्तीहरू। फेरि कार्वाहीको तयारी गर्दै गर्दा प्रहरी त्यहाँबाट भागेको थियो। अहिले त्यहाँ हाम्रो पार्टीको कार्यालय रहेछ।

भोलिपल्टदेखि भेरी कर्णालीका विद्यार्थीहरूले क्षेत्रीय अभियान सकेर स्कूलिङ कार्यक्रम राखेका रहेछन् । त्यहाँ विद्यार्थी नेताहरू गोपाल शर्मा, ज्ञामप्रसाद चालिसे, रामदीप आर्चाय र विन्दमान विष्टहरू हुनुहुन्थ्यो । पार्टीको क्षेत्रीय व्यूरोबाट मुख्य नेतृ क.सरला रेग्मी र अर्का नेता क.राहुल हुनुहुन्थ्यो । मैले दर्शनशास्त्रका विषयमा कक्षा लिएको थिएँ। युवाहरूको बीचमा हामी उत्साहित थियौं र हाम्रो स्कुलिङबाट उहाँहरू । एक हप्ता त्यहाँ स्कुलिङ भयो ।

त्यहाँबाट मलाई सुर्खेत पुऱ्याइयो, क.मंगल वि.क.को सम्पर्कमा उहाँ मेरो परिचित मित्र नै हुनुहुन्छ । उहाँको औषधि पसल पनि रहेछ । भोलिपल्ट मोटरसाइकलबाट मलाई बाँके कोहलपुर पुऱ्याइयो। क.रामप्रसाद (उहाँ शहीद भइसक्नुभएको छ) को घरमा पुगें । त्यसै साँझ त्यहाँको पार्टीले मलाई स्वागत गऱ्यो । क.ज्ञामप्रसाद चालिसे, अशोक रोका, प्रकाश सुवेदी , पूर्ण कुमारी सुवेदी पनि त्यहाँ हुनुहुन्थ्यो ।

म पश्चिम क्षेत्रीय व्यूरोको कार्यालयलाई भेट्न चाहन्थें। ब्यूरो इन्चार्ज क. पोष्टबहादुर बोगटी (दिवाकार) हुनुहुन्थ्यो । मुख्यालय लखनउ रहेछ । त्यही गएर उहाँलाई भेटें। मैले उहाँसँग केही समय पार्टी कमिटिको काम भन्दा साहित्यिक काम त्यसमा पनि उपन्यास लेखनमा लागुँ कि भनेर प्रस्ताव गरेको थिएँ ।उहाँले भने अस्वीकार गरिदिनुभयो । एउटा राजनैतिक नेताकहाँ सहायक काममा जाने । राजनैतिक कार्यकै शिलशिलामा उपन्यास लेखन गर्न सकिन्छ भनेर सल्लाह दिनुभयो। अन्ततः म पनि विश्वस्त भएँ। जेलमा लेख्न थालेको उपन्यास पनि छोडेर आउनुपऱ्यो । निश्चय नै उपन्यास लेखनमा अभाव अहिले पनि महशुस भइरहेको छ। तर मेरो लागि क. दिवाकरले सुझाव ठीक हुनु स्वाभाविक थियो। कहिलेकाहीं म बढी भावनामा बग्दो रहेछु। आफ्नै गमाली, बाल्यसखा र सहयोद्धा क. लोकेन्द्र विष्ट (अभ्यास) सात वर्ष लामो कारावासपछि रिहाइ भएको खबरले खुशी र गर्वका साथै प्रत्यक्ष भेटको प्रतिक्षामा थिएँ। उहाँ पनि कमरेड इन्चार्जसगँ भेट्न आउनुभएको रहेछ, त्यही भेट भएर न्यानो अंगालोमा बाधियौं । उहाँ पनि सजिलै जेलबाट मुक्त हुनुभएको थिएन । प्यूठानका कांग्रेसी नेता मुक्ति शर्मा जनसत्ताको कब्जामा परेपछि लोकेन्द्र बिष्टलाई नछोडि धरै भएन । हाम्रो भेटमा हामीले हाम्रो बाल्यकाल सम्झियौं । वसन्तका पालुवाहरू पल्लवित भएको बेला एकान्त जंगलमा गएर कविता लेखेको सम्झियौं र सम्झियौं जिन्दगी श्रमजीवी वर्गको मुक्तिका लागि समर्पण गर्ने बाचा गरेको ।

उता नेपालगन्ज जेलमा रहनुभएका क.गणेशमान पुन (रश्मी) पनि अस्पताल गएको समय पारेर घेरा तोडिसक्नुभएको खबरले खुशी तुल्याएको थियो । उहाँ र मेरा बीच पार्टी जीवनमा घनिष्ट सहकार्य भएको छ । कहिलेकाही पार्टीमा पुरानो पिढी र नयाँ पिढीबीचको अन्तरविरोधलाई सुल्झाउन कठिन हुन्छ । इतिहासको एउटा कालखण्डमा यस्तो अन्तरविरोधको हल गर्न पुरानो पिढीबाट वीर शहीद विश्वेश्वर पोखेल र युवा पिढीबाट गणेशमान पुनले महत्वपूर्ण भूमिका खेल्नुभएको छ । त्यस कालखण्डमा क. अभ्यास जेलमा हुनुभयो र प्रभाकर रुकुम जिल्लाबाट बाहिर रहनुभयो । त्यसबेला जनयुद्धको पहल गर्दै थियौं हामी ३ जना सहयोद्धा एक ठाँउमा हुन पाएनौं । जनयुद्धको तयारीको प्रक्रियामा प्रभाकर दाङ जानुभयो र दुर्भाग्यको कुरा अभ्यासजी जेल पर्नुभयो ।

हामी लखनउबाट गोरखपुर हुँदै कृष्णनगर नाकाबाट स्वदेश फर्क्यौं । दाङ पुगियो र क. शक्ति बस्नेत (सुरेश सिहं) को भूतवंगलामा बास बसियो। शक्ति बस्नेत पनि हाम्रो जमानाको एकजना प्रखर युवा हुनुहुन्छ । दाङमा धेरै कमरेडहरूसँग भेट भयो। भोलिपल्ट क. किरणसँग भेट भयो। लामो कुरा हुन पाएन । जनपरिषद र जनसेनाको प्रथम राष्ट्रिय सम्मेलन रोल्पामा आयोजना गरिएकोले क. प्रचण्ड, किरण, बाबुराम र बादललगायतका नेताहरू दाङबाट माथि लाग्दै हुनु हुँदोरहेछ। सबैसगँ एकैपटक भेट हुनेभयो। हामी सबै उकालो लाग्यौं।

बसन्तपुर, पाल्पा २०६२

(ढाडमा टेकेर टाउकोमा हान्ने गण्डक अभियानको दौरानमा लेखिएको डायरीबाट)

## नियमित

### मई दिवसको अवसरमा अपील

*दलाल संसदीय व्यवस्थाको स्थानीय चुनाव खारेज गरौं !*
*एकीकृत जनक्रान्तिको लागि १२८ औं मई दिवस भव्य रुपले मनाऔं !!*
*मई दिवसको गौरवशाली झन्डालाई अझ माथि उठाऔं ।*

**आदरणीय मजदुर साथीहरू,**

आज मुलुक चौतर्फी सङ्कटतर्फ बढिरहेको छ । राष्ट्रियता, जनतन्त्र, जनजीविकाका समस्याहरू विकराल बन्दै गइरहेको छन् । राष्ट्रिय स्वाधीनता सर्वाधिक सङ्कटग्रस्त छ । दिनदहाडै भारतीय सुरक्षाकर्मीद्वारा गोली हानेर नेपाली नागरिकहरूको हत्या गरिन्छ । विगतदेखि हुँदै आइरहेको राष्ट्रघाती सन्धि सम्झौताहरू नवीकरण गरिएका छन् । सुस्ता, महेशपुर, कालापानीलगायत हजारौँ हेक्टर जमिन भारतीय साम्राज्यवादद्वारा अतिक्रमण गरिएको छ । जलस्रोतमाथिको हस्तक्षेप बढेर गएको छ । करिब ७ दशक यता सञ्चालन गरिएका जनआन्दोलन तथा जनक्रान्तिपश्चात् स्थापना गरिएका शासन सत्ताहरू निरन्तर रुपमा जनविरोधि बन्दै गइरहेका छन् । पछिल्लो अर्थात् २०५२-०६२/०६३ सम्मका जनआन्दोलन तथा जनक्रान्तिपश्चात् स्थापना भएको शासन व्यवस्था दलाल संसदीय व्यवस्थामा बदलिएको छ । यसले यो कुरा स्पष्ट गरेको छ कि ठूल्ठूला त्याग, तपस्या, वीरता र बलिदानहरू केवल धोका र गद्दारीमा बदिलिने गरेका छन् । जनजीविकाको समस्या अध्ययन गर्दा नेपालमा सरकार छ कि छैन भन्ने प्रश्नचिन्ह खडा भइरहेको छ । जसअन्तर्गत बेरोजगारीको समस्या भयावह रुपमा व्यक्त भइरहेको छ । कूल ग्राहस्थ उत्पादनको २५ प्रतिशत भन्दा बढी रेमिटयान्सबाट प्राप्त भइरहेको छ । ५८ प्रतिशत भन्दा बढी घरधुरीको आयस्रोत वैदेशिक रोजगारीमा आश्रित छ । औसतमा दैनिक ३ वटा शवहरू नेपालमा आइरहेको छ । विदेशमा नेपालीहरू मारिनु, लुटिनु, कुटपिट हुनु तथा जेल पर्नु सामान्य बनेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विदेशिने दैनिक २ हजार देखि २२ सय नागरिकहरूको अवस्था पशु झै खरिद बिक्रीको प्रक्रियामा चलिरहेको छ । शिक्षा, स्वास्थ्य क्षेत्र माफियातन्त्रका कारण सामान्य नागरिकहरूको पहुँच भन्दा बाहिर र सिमित घरानीयाँहरूको पहुँचमा केन्द्रीत हुन पुगेको छ । भ्रष्टाचार, तस्करी, महङ्गी, घुसखोरीले देश आक्रान्त बन्न पुगेको छ । २ वर्ष पहिले गएको भूकम्प प्रभावित क्षेत्रका नागरिकहरूको पुनर्निर्माणमा राज्य उदासिनता र लापरवाहीका कारण एकातिर जनताको अवस्था निकै कष्टप्रद बन्न पुगेको छ भने अर्कोतिर पुनर्निर्माणका लागि विदेशी दातृ संस्थाद्वारा घोषित सहयोगहरू पुनः फिर्ता जान सक्ने अवस्था छ ।

**मजदुर साथीहरू,**

देशको यो विषम परिस्थितिमा हामी १२८ औं मई दिवस मनाउन गइरहेका छौँ । आजभन्दा १३१ वर्ष पहिले अर्थात सन १८८६ मे १ का दिन अमेरिकाको शिकागो शहरमा राज्यसत्ताको विरुद्धमा श्रमजीवी मजदुरहरूद्वारा ८ घन्टा काम, ८ घन्टा आराम र ८ घन्टा मनोरञ्जन तथा ज्याला बढाउने मागसहित महान् र बलिदानीपूर्ण आन्दोलन गरिएको थियो । भीषण दमनका बावजुत शिकागो शहरका लाखौ मजदुरहरूले जुन साहस, त्याग, वीरता र बलिदानको किर्तीमान खडा गर्न पुगे । त्यसै सिलसिलामा सन् १८८९ मा पेरिसमा संसारभरिका मजदुर प्रतिनिधिहरूको एक बैठकले मे १ लाई अन्तर्राष्ट्रिय मजदुर दिवसका रुपमा मनाउने निर्णय गऱ्यो । त्यसयता संसारभरी मे १ लाई अन्तर्राष्ट्रिय श्रमिक मजदुर दिवसका रुपमा मनाउने गरिएको छ । अन्ततः पुँजीवादी राज्यसत्तालाई झुकाउन र आफ्नो मागहरू पूरा गराउन श्रमजीवी मजदुरहरू सफल भए । त्यसक्रममा शाहदत प्राप्त गर्ने महान् सपुतहरू एवं पुँजीवादका विरुद्ध चलेका मजदुर आन्दोलनहरू बेलायतको मेशिन विरोधी लुडाईट आन्दोलन (सन् १८०२-१८१५) फ्रान्सको नियोन शहरको आन्दोलन (सन् १८३१), बेलायतको माग पत्र आन्दोलन (सन् १८३९-४२), जर्मनको शिलेसियाली जुलाहाहरूको आन्दोलन (सन् १८४४) लगायतका विश्वव्यापी मजदुर आन्दोलनका दौरानमा शाहदत प्राप्त गर्नुहुने वीर सहिदहरूप्रति विशेष स्मरण गर्दछौ । ती महान आन्दोलन तथा विद्रोहको ऐतिहासिक रक्तरञ्जित झन्डालाई अझ माथि उठाउने अठोट गर्दछौँ ।

**मजदुर साथीहरू,**

आज माथी उल्लेखित आन्दोलन तथा विद्रोहद्वारा प्राप्त गरिएका श्रमिक मजदुरहरूका सिमित हक, अधिकारहरू पूर्णतः खोसिएका छन् । श्रमिक मजदुरहरूलाई २१ औं शताब्दिको आधुनिक युगका दासमा बदलिएको छ । ज्यालादारी, करार र ठेकेदारी प्रथाका कारण श्रमिक मजदुर वर्गलाई स्थायी हुन नदिने, ट्रेड युनियनका हक तथा अधिकारमाथि बन्देज लगाउने, राज्यद्वारा निर्धारित न्यूनतम ज्याला पनि नदिने अवस्था पैदा भएको छ । श्रमिक मजदुर वर्गद्वारा विभिन्न आन्दोलन तथा विद्रोहहरू मार्फत स्थापित गरिएको शान्तिपूर्ण आन्दोलन गर्न पाउने अधिकारलाई प्रतिबन्ध लगाई वर्तमान दलाल संसदीय राज्यसत्ताले श्रमिक मजदुर वर्गलाई दमन र उत्पीडन थोपर्न पुगेको छ । "औद्योगिक व्यवसाय ऐन-२०७३" र "विशेष आर्थिक क्षेत्र सम्बन्धी ऐन-२०७३" जस्ता विधेयकहरू मजदुर वर्गमाथि व्यवस्थित उत्पीडन थोपर्ने नियतद्वारा ल्याइएको कुरामा कुनै सन्देह छैन । उक्त विधेयकहरूद्वारा दलाल संसदीय व्यवस्थाले आज देशव्यापी विभिन्न बाहानामा विभिन्न क्षेत्र तथा प्रतिष्ठानहरूमा क्रियाशील श्रमिक मजदुर वर्गलाई निष्काशन गर्ने, कम भन्दा कम पारिश्रमिक दिने, ट्रेड युनियन दर्ता गर्न प्रतिबन्ध लगाउने, मनपरी रुपमा श्रमिकहरूको सरुवा गर्ने समस्याहरू आम रुपमा बढेर गएको छ । हाम्रो सङ्गठन दलाल संसदीय राज्यसत्ता र उनीहरूद्वारा संरक्षित कथित मालिक वर्ग तथा ठेकदारहरूद्वारा लादिएको यसप्रकारको क्रियाकलापहरूको घोर भर्त्सना एवं खारेज गर्दछ । स्मरण रहोस्, हाम्रो सङ्गठन दलाल संसदीय व्यवस्थाद्वारा श्रमिकहरूका विरुद्ध ल्याइएका विभिन्न विधेकहरूको खारेजी र विभिन्न खाले उत्पीडनका विरुद्ध एकल वा संयुक्त रुपमा देशव्यापी संघर्ष गर्दै आइरहेको र निरन्तर संघर्षरत रहने प्रतिवद्धता जाहेर गर्दछ ।

**मजदुर साथीहरू,**

देशको राष्ट्रिय राजनीतिक सङ्कटलाई अझ बढाउन राष्ट्रियता, जनतन्त्र, जनजीविकाका समस्याहरूलाई थप सङ्कटग्रस्त बनाउन, भ्रष्टाचार, कमिशन, घुसखोरी, महङ्गीलाई संस्थागत गर्न वर्तमान दलाल संसदीय व्यवस्थाले कथित स्थानीय निर्वाचनको घोषणा गरेको छ । हाम्रो सङ्गठनको स्पष्ट दृष्टिकोण छ कि दलाल संसदीय व्यवस्था रहेसम्म श्रमिक मजदुर वर्गको कुनै पनि प्रक्रियाबाट हित हुने छैन । राष्ट्रिय उद्योगहरू धराशायी बनाउने, उद्योग तथा नदीनालाहरू विदेशीको हितमा प्रयोग गर्ने, जनताको जिउधनको रक्षा गर्न नसक्ने, सामाजिक जीवनका चौतर्फी क्षेत्रमा विकृति र विसंगति सिर्जना गर्ने दलाल संसदीय व्यवस्थाको विरुद्ध विद्रोह गर्नु र वैज्ञानिक समाजवादी राज्यसत्ता निर्माण गर्नुको विकल्प हाम्रो अगाडि छैन । तसर्थ हाम्रो सङ्गठन १२८ औं मइ दिवसलाई "दलाल संसदीय व्यवस्थाको स्थानीय चुनाव खारेज गरौ ! एकीकृत जनक्रान्तिका लागि १२८ औं मई दिवस भव्य रुपले मनाऔ !!" भन्ने मूल नाराका साथ मनाउन गइरहेको छ । श्रमिक मजदुर वर्गमाथिको उत्पीडनलाई सदाका लागि अन्त्य गर्न समाजमा शान्ति, समानता, स्वाधीनता र समृद्धिका लागि फेरि अर्को क्रान्ति आवश्यक बन्न गएको छ । यसप्रकारको क्रान्तिमा राष्ट्रिय पुँजीपति, मध्यम वर्ग र उत्पीडित जनसमूदायसँग एकाकार भएर अगाडि बढ्न हाम्रो सङ्गठन हार्दिक आह्वान गर्दछ । सबैखाले उत्पीडन र विभेदका विरुद्ध अन्तिम विद्रोह गर्न र दलाल पुँजीवादी राज्यसत्तालाई सदाका लागि खारेज गरी उन्नत समाजवादी राज्यसत्ता स्थापना गर्न चौतर्फी क्षेत्रमा प्रतिरोधको आँधीबेहेरी सिर्जना गर्न १२८ औं मई दिवसको अवसरमा हाम्रो सङ्गठन सम्पूर्ण न्यायप्रेमी जनसमुदायहरूमा हार्दिक अपील गर्दछ ।

**अखिल नेपालक्रान्तिकारी ट्रेड युनियनमहासंघ**
**केन्द्रीय सङ्गठन समिति**

# उपत्यकामा चुनाव प्रतिरोध अभियान तीव्र

**अम्बिका चन्द**/काठमाडौँ



नेपाल कम्युनिस्ट पार्टीले चैत्र २४ बाट देशव्यापी संचालन गरेको तीन महिने एकीकृत जनजागरण तथा जनप्रतिरोध अभियानमा देशैभरी लाखौं मानिसहरू सहभागी भएका छन् । त्यसैक्रममा काठमाडौंमा रहेका २ वटा टोलीमध्ये एउटाको नेतृत्व केन्द्रीय सदस्य माइला लामाले गर्नुभएको छ भने अर्कोको नेतृत्व अर्का केन्द्रीय सदस्य मकर गुरुङले गर्नुभएको छ । बाजा गाजा, झण्डा व्यानर र नाराजुलुससहित काठमाडौंको इन्द्रचोकबाट अभियानको शुरुआत गरिएको थियो । जिल्लाका पटाप, थलीचौर, आलाबोट, भद्रवास, गागलफेदी, चुनीखेललगायत १६ वटा ठाउँमा आमसभा गरिएका छन् । काठमाडौं, सिन्धुपाल्चोक र काभ्रेको सिमा क्षेत्रमा पर्ने शंकरापुर नगरपालिकामा मात्र ६ दिन अभियान चलेको छ । त्यसक्षेत्रमा अभियान टोलीले जनताका घरघरमा पुग्न घरदैलो कार्यक्रम पनि संचालन गरेको छ । विशुद्ध राजनैतिक गतिविधिबाट पनि आतंकित प्रहरी प्रशासनले सामान्य धरपकड गर्न खोजे पनि सामना सांस्कृतिक परिवारसहित ५० जनाको काठमाडौंको अभियान टोलीमा सम्पर्क मञ्चबाट पनि सहभागी भएका छन् । अभियान टोलीले व्यापकरुपमा पर्चा, पम्पलेट वितरण र भित्तेलेखनहरू गरेको छ ।

उता २ वटा टोली परिचालित ललितपुरमा पनि पहिलो चरणको अभियान सानदार भएको छ । जिल्लाका १७ गाविसहरू अभियानमय बनेका छन् । अभियान टोलीले शहीद परिवारका घरघरमा पुगेर भेटघाट पनि गरेको छ । केन्द्रिय सदस्य एवं अभियान टोली प्रमुख उत्तमका अनुसार भट्टेडाँडामा अभियान टोलीले भित्तामा टाँसेको पोष्टर प्रहरीले च्यातेर फाल्न खोजेपछि केही समय तनावपूर्ण स्थिति सिर्जना भएको थियो । अन्य ठाउँमा भने सहज र शानदार रुपमा भित्तेलेखन, पर्चा-पम्पलेट वितरण, घरदैलो जनभेटघाट जस्ता कार्यक्रम भएका छन् । ललितपुरकै पहाडी भेगमा केन्द्रीय सदस्य नवीनको नेतृत्वमा अभियान टोली परिचालित थियो । धुम्लीङबाट शुरु गरिएको अभियान लुभु इलाका, बाँडेगाउँ, गोदावरी, झरुवारासी हुँदै चापागाँउमा पुगेको छ । त्यसबिचमा १२ वटाभन्दा बढी ठाउँहरूमा कोणसभाहरू सम्पन्न भएका छन् । पर्चा-पम्पलेट र सभाहरूबाट पनि आतंकित भएको प्रशासनले टोली प्रमुख नविनलगायत १८ जनालाई पक्राउ गरेको थियो ।

यसैबीच लगनखेलबाट प्रचार अभियानमा हिडेको बेला ललितपुर जिल्ला पार्टी सदस्य शुरेस लामालाई प्रहरीले विनाकारण पक्राउ गरेको छ । अभियानका क्रममा जनताको हृदयमा चुनावले केही प्रभाव नपारेको र यसबाट केही प्रगति होला भन्ने आशा उनीहरूमा नभएको अभियान टोलीको भनाई छ ।

उता भक्तपुरमा पनि ३ महिने अभियानको पहिलो चरणमा १५ दिनभित्र एक दर्जन स्थानहरूमा जागरण तथा भण्डाफोर सभाहरू भएका छन् । २४ गते सुर्यविनायकबाट शुरु अभियान दुवाकोट, झौखेल, चाँगुनारायण, कटुन्जे, सिपाडोल, नडखेल, चित्तपोल, सुडाल, वागेश्वरी, नगरकोट, भक्तपुर न.पा. हुँदै ठिमी न.पा.सम्म पुगेको छ ।

उपत्यकामा संचालित कम्युनिस्ट पार्टीको एकीकृत जनजागरण तथा जनप्रतिरोध अभियानमा उसका जनवर्गीय संगठनहरू सामेल छन् । अखिल क्रान्तिकारीका केन्द्रीय सचिव तथा उपत्यका संयोजक रामबहादुर विकको नेतृत्वमा विद्यार्थीहरूको टोली परिचालित छ । राजनैतिक क्रान्तिसँग नै शैक्षिक क्रान्ति जोडिने भएकोले पनि राजनैतिक अभियानमा आफूहरू लाग्नुपरेको विद्यार्थी नेता विकको भनाइ छ ।

## शान्तिपूर्ण सभामा ...

जानकारी दिएका छन् ।

नेकपाको जागरण सभा वैशाख ७ गते नै धनगढी र दाङ्गमा पनि आयोजना गरिएका थिए । दाङ्गको कार्यक्रममा सहभागी हुन गाउँ गाउँबाट आएका कार्यकर्तालाई प्रहरीले नाकामै रोकेर विथोलेको थियो भने जुलुस र सभामा पनि अवरोध गऱ्यो । त्यसैगरी धनगढीमा ७ गते नै आयोजित कार्यक्रम पूर्व घोषित स्थान सशस्त्र प्रहरीले बिहानैदेखि नियन्त्रणमा लिएपछि वैकल्पिक स्थानबाट जुलुस शुरुगरी मदनचोकमा सभा गरिएको थियो । सो सभाका प्रमुख अतिथि पार्टी प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' हुनुहुन्थ्यो ।

वैशाख ८ गते दैलेखबाट प्राप्त अर्को खबर अनुसार राकममा भइरहेको जनसभामा प्रहरी हस्तक्षेप भएको छ । सभास्थलबाट जिल्ला इन्चार्ज कलम विश्वकर्मासहित भरत सिजापति, प्रकाश विश्वकर्मा, प्रेम विश्वकर्मा, निशा पौडेल, नगेन्द्र बडुवाललाई गिरफ्तार गरेको खबर दलित आन्दोलनका नेता रामलाल विश्वकर्माले दिएका छन् । उता नेकपाका केन्द्रिय सदस्य तथा सगरमाथा ब्यूरो इन्चार्ज दिपेश राइले दिएको जानकारी अनुसार ८ गते अपरान्ह ५:४५ बजे गाईघाटबाट पार्टी कार्यालय सचिव चन्द्रबहादुर बुढाथोकी र राकेश राईलाई गिरफ्तार गरेको छ भने साँझ नै कार्यकर्ताहरू विकास राई र जनक श्रेष्ठलाई गिरफ्तार गरेको खबर छ । उता स्याङजा, पुतलीबजार-१०, राङ्खोलामा शनिबार प्रहरीले ३० जना नेकपाका कार्यकर्तालाई गिरफ्तार गरेको छ । म्याग्दी सदरमुकाम बेनीस्थित बसपार्कबाट नेकपाले चुनाव विरोधी ऱ्याली प्रदर्शन गरेको बेनीबाट प्राप्त समाचारमा जनाइएको छ । त्यसैगरी प्रहरीले सुर्खेत, विरेन्द्रनगरमा आयोजित सभालाई भाँडेर ५० जना नेकपाका कार्यकर्ता गिरफ्तार गरेको छ । जिल्ला सेक्रेटरी यमराज, ईञ्चार्ज ध्रुवसहित केन्द्रीय सदस्यहरू सविता सिंह र हिमाललाई पनि गिरफ्तार गरेको प्राप्त समाचारमा जनाइएको छ । उता प्रहरीले कपिलवस्तुबाट गंगाराम कोहार, इसुन हैसियतदार, मोहन उपाध्याय, चेतन चौहार, धर्मराज बरहीलाई गिरफ्तार गरेको छ । त्यसैगरी साहित्यकार खोमा तरामु, नबिन थारु र कर्ण सेनलाई रुपन्देहीबाट गिरफ्तार गरेको छ । त्यसैगरी ११ गते काभ्रेमा प्रहरीले नेकपाको शान्तिपूर्ण सभा विथोलेको छ ।

# झापाली अग्रजहरू सम्मानित



नेकपा स्थापनाको ६८औं वर्ष तथा अक्टुबर समाजवादी क्रान्तिको शतवार्षिकीको अवसरमा नेकपा मेचीले चार जिल्लाका अग्रजहरूलाई ९ गते बिर्तामोडमा अभिनन्दन गरेको छ । अभिनन्दित हुनेहरूमा २०३३ सालमा नख्खु जेल तोड्ने हर्क खड्का, १७ वर्ष जेल बसेर २०४६ सालमा छुटेका सानुदुर्गा अधिकारी, पटकपटक गिरफ्तार भएका सूर्य सुब्बा र ४ वर्ष जेल बसेका डिल्ली प्रसाई छन् । नेकपा, सल्लाहकार समितिका अध्यक्ष असारे काकाको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा झापा, बिर्तामोड-८ का हर्क खड्का (वर्ष ७०) ले हर्षित हुँदै "प्रचण्डले क्रान्तिकारी योद्धाहरूको शिर झुकाउने काम गरे तर कस्तुरीले बिना खोजेझैं हामी भौतारिरहेका छौं । म सम्मानको ऋण जनता र क्रान्तिप्रति इमान्दार भएर पूरा गर्नेछु" भन्नुभएको थियो । उहाँले भद्रपुर, वीरगञ्ज भद्रगोललगायतका जेलमा कहर झेल्नुभएको थियो । झापा विद्रोहपछि गिरफ्तार भई १७ वर्ष जेल भुक्तान गरेका मेची न.पा.-३, झापाका सानु दुर्गा अधिकारी (वर्ष ६६) ले प्रचण्ड समूहप्रति संकेत गर्दै "गुन्डा, चोर, डाँका, दलाल सबै कम्युनिस्ट हुन्छ ?" प्रश्न गरेका थिए । शिक्षक पेशामा बसेर कम्युनिस्ट पार्टी र जनताको सेवा गर्दा पटकपटक प्रहरी यातना भोगेका पाका नेता माइपोखरी-१, इलामका सूर्य सुब्बा (६८ वर्ष) ले "संसदीय चुनावले दलाल बदल्ने बाहेक अरु केही गर्दैन ।" भन्नुभएको थियो । त्यसैगरी झापा, इलाम, ताप्लेजुङ र पाँचथर जेलमा ४ वर्ष कैद गरिएका सिनाम-९ ताप्लेजुङका डिल्ली प्रसाईं (वर्ष ५६) ले क्रान्तिकारी शक्तिका बीचमा ध्रुविकरण हुनुपर्ने जिकिर गर्नुभएको सो कार्यक्रमको अध्यक्षता सुमन लिम्बु, सञ्चालन आषिश लिम्बु र स्वागत मन्तव्य होम खतिवडाले गरेका थिए ।






निर्देशक : **अनिल शर्मा**, प्रबन्ध निर्देशक : **तिलक मल्ल**, प्रबन्ध सम्पादक : **चिन्तामणि घिमिरे**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, Email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ